मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २८ ★ अङ्क : ११० ★ ने. सं. ११४६ बछला गा, एकादशी ★ बुधबार ★ ३० वैशाख, २०८३ ★ May 13, 2026, Wednesday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# निर्वाचन आयोगमा निर्वाचन एकीकृत ऐन मस्यौदाबारे छलफल

काठमाडौँ, २९ वैशाख । निर्वाचन आयोगले निर्वाचन व्यवस्थापन एकीकृत ऐन मस्यौदाबारे राजनीतिक दलहरूसँग छलफल आयोजना गऱ्यो । सो ऐन बनेमा मतदाता नामावली ऐन-२०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन-२०७३, स्थानीय तह निर्वाचन ऐन-२०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन-२०७४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन ऐन-२०७४, राष्ट्रियसभा सदस्य निर्वाचन ऐन-२०७५ पूरै खारेज हुनेछ भने निर्वाचन आयोग ऐन-२०७३ को दफा ३,९,१०,१९,२४,२५,२६ र ४३ खारेज हुनेछ ।

आयोगले यो ऐनको मस्यौदा २०७८ सालमा गरेको र २०८० सालमा गृहमन्त्रालयमार्फत सरकारसम्म पठाएको थियो । रास्वपा सरकार आएपछि गृहमन्त्रालयले २०८३ वैशाख १८ गते दलहरूसँग छलफलको लागि पुन: आयोगमा पठाएको थियो ।

मस्यौदामा स्थानीय पालिकाको वडाध्यक्ष तेतीस प्रतिशत महिला सुनिश्चित गरिएको छ भने अशक्तहरूको मतदानको लागि आवश्यकतानुसार यातायातको व्यवस्था गर्न सकिने उल्लेख छ ।

छलफलमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले संविधानमा उल्लेख नेपालको सार्वभौमिकता अक्षुण्ण राख्ने, सामन्ती व्यवस्थाको सबै प्रकारको विभेद अन्त्य गर्ने, वर्गीय विभेद अन्त्य गरी आर्थिक समानता सुनिश्चित गर्ने, लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध राष्ट्र निर्माण गर्ने लक्ष्य पूरा गराउनेतर्फ निर्वाचन कानुन उन्मुख हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले थप्नुभयो, "गत फागुन २१ गते सम्पन्न निर्वाचनमा कतिपय राजनीतिक दलले आफ्नो चुनाव चिह्न अङ्कित टीसर्ट, क्याप, ज्याकेट, लोगो बनाएर वितरण गऱ्यो, चिह्न बनाएर प्रचार गऱ्यो । आचारसंहिता विपरीतको यी प्रचारलाई निर्वाचन आयोगले अनुगमनसहित कारबाही किन गरेन ? ती कुन कुन दल हुन् सार्वजनिक किन गरिएन ? ती दलबारे आमसञ्चारमा पनि समाचार प्रकाशित भएको हो ।"

"कतिपय मतदान केन्द्र र मतगणना स्थलमा उम्मेदवार र नेपाली सञ्चारमाध्यमका प्रतिनिधिलाई नजिकसम्म पुग्न दिइएन, मोबाइल र क्यामेरा बोक्ने त परको भयो । विदेशी सञ्चारमाध्यमका प्रतिनिधिलाई कसको आदेशमा मतगणनास्थलसम्म बेरोकटोक प्रवेश गर्न र तस्वीर खिच्न दिइयो ? निर्वाचन आयोगले कुन पार्टीलाई जिताउन यस्तो पक्षपात गरेको हो, स्पष्टीकरण दिनु जरुरी छ" सचिव सुवालले जोड दिनुभयो ।

भ्रष्टाचार, नैतिक पतन, हत्यालगायत फौजदारी मुद्दामा अदालतबाट सजाय पाएकालाई ६ वर्षपछि उम्मेदवारी हुन पाउने विधेयकको प्रावधान हटाउनु आवश्यक रहेको औँल्याउँदै सचिव सुवालले विश्लेषक अनिल गिरीको माउन्टेन टेलिभिजनसँगको अन्तर्वार्तामा नेपाली सेना १ लाखमध्ये ८० हजार परिचालन गरी रास्वपाका बालेन साहलाई प्रम बनाउने तर सिंहदरबार आगजनी हुँदा निभाउन नजाने सेनापतिबारे प्रश्न उठाइएबाट फागुन २१ गतेको निर्वाचन निष्पक्ष नभएको पुष्टि भयो । यसबारे निर्वाचन आयोगले छानबिन नगरेकोमा सचिव सुवालले प्रश्न गर्नुभयो ।

बाँकी पृष्ठ ८ मा

## १६७औं अन्तर्राष्ट्रिय नर्स दिवस

# सरकारी अस्पतालमै स्वास्थ्य उपचार गराउनुपर्ने मानसिकताको विकास गराउनुपर्ने




भक्तपुर, २९ वैशाख । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालको आयोजनामा मङ्गलबार १६७ औं अन्तर्राष्ट्रिय नर्स दिवसको अवसरमा प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा ख्वप अस्पताल सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नर्स दिवसको अवसरमा शुभकामना दिँदै ख्वप अस्पताल परिवारले सधैं देश र जनताको नि:स्वार्थ रूपमा सेवा गर्न तत्पर हुनुपर्छ भन्नुभयो ।

प्रशंसाले संस्था वा व्यक्तिलाई बिगार्न सक्छ र आलोचनाले सुधार्न मद्दत पुऱ्याउँछ भन्दै उहाँले अरुको प्रशंसा र आलोचनालाई सन्तुलित ढङ्गले ग्रहण गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।

आफ्नो पेसाप्रति सधैं जिम्मेवार हुन चिकित्सक र कर्मचारीलाई प्रेरित गर्दै उहाँले नर्सहरूले उच्च शिक्षा अध्ययनमा जोड दिँदै आफूलाई समय सापेक्ष ढङ्गले सक्षम र योग्य बनाइराख्नुपर्ने बताउनुभयो ।

नेपाल सरकारले समुदायस्तरमा सञ्चालित स्वास्थ्य संस्था र अस्पतालहरूलाई सहयोग गर्नुपर्ने उल्लेख

बाँकी पृष्ठ २ मा

# 'आदर निकेतन' बारे चिन्तन आवश्यक

काठमाडौँ उपत्यका तथा बाहिरी जिल्लाका नगरहरूमा पनि अनेक कारणबाट परित्यक्त ज्येष्ठ नागरिकहरूको निम्ति मन्दिर, सत्तल र पुराना सार्वजनिक भवनहरूमा देशी वा विदेशी दाताहरूसँग चन्दा लिएर वृद्धाश्रम चलाएको पाइन्छ । कहींकहीं विदेश बसेका छोराछोरीहरूले महिना महिनामा केही हजार वा वर्षको केही लाख रूपैयाँ त्यस्ता संस्थाका नाममा पठाएर आ-आफ्नो कर्तव्य निभाइरहेको बताइन्छ । तर, जनताको सरोकार भने वर्तमान सरकारसँग छ । ज्येष्ठ नागरिकहरूको जिम्मेवारी सरकारले बहन गर्नुपर्छ; प्रजातन्त्र र गणतन्त्रमा शान्ति र सुरक्षाको सुनिश्चितता गरेर मात्रै सरकारको जिम्मेवारी पूरा हुँदैन । विकास निर्माण, काम-माम-कपडा र बालक जन्मेदेखि मृत्युको बेला वा चित्ता र समाधिसम्मको जिम्मेवारी सरकारको हो ।

घाँटीसम्म फूलको माला र खादाले छोपेर प्रधानमन्त्रीहरूलाई मूर्ख बनाउनेहरू नै घाँसमा लुकेका सर्प साबित भइरहेका छन् । हो, भारत र नेपालमा पनि गाउँठाउँमा विवाहको बेला बेन्ड बाजा बजाउनेहरूलाई २-४ सय रूपैयाँका माला लगाइदिने गर्छन् । त्यो एक प्रकारको हाँसो र ठट्टा हो भने प्रधानमन्त्रीहरूलाई पनि गाईजात्राको पात्र बनाउन खोज्नु के खलनायकको काम होइन ? जनताको सेवा हुने काममा उत्साहित गर्दा सत्तामा बस्नेहरूको सम्मान हुन्छ । नत्र, भोलि प्रधानमन्त्री हुनेहरूलाई विदेशी महँगा रक्सीका बोतलहरूका माला लगाइदिन बेर छैन ।

फूल हृदय या मनको प्रतीक हो । मगमगाउँदो एउटै फूलले स्वागत गर्दा के आ-आफ्नो मनको भावना अभिव्यक्त हुँदैन ? यस्ता अभिव्यक्तिहरू २-४ वर्षदेखि साधारण जनता र बुद्धिजीवीहरूको माझमा व्यक्त भइरहेको जगजाहेर छ ।

बाँकी पृष्ठ ८ मा

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
ख्वप माध्यमिक विद्यालय

कक्षा ११ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन र शिक्षाशास्त्र विषयमा भर्नाको लागि आवेदन फाराम वितरण भइरहेको छ ।
भर्ना फाराम अनलाइनबाट हुने भएकोले websitehttps://kss.mpathshala.com/kssnewadmission मा लिङ्क वा उल्लेखित QR Code Scan गरी उपलब्ध हुने विवरण भर्नुको साथै फाराम दस्तुर रु. १२५।- esewa सेवामा बुझाउनुपर्नेछ ।

**अनलाइन फाराम दर्ता** : २०८३ वैशाख ३० देखि जेठ ८ गते साँझ ५:०० बजेसम्म
**प्रवेश परीक्षा मिति** : २०८३ जेठ ९ गते शनिबार
**प्रवेश परीक्षा समय** : बिहान ८:०० देखि १०:०० बजेसम्म

छात्रवृत्ति : प्रवेश परीक्षा नतिजाको आधारमा प्रदान गरिने छात्रवृत्ति जेठ ९ गतेको प्रवेश परीक्षामा सहभागी विद्यार्थीहरूलाई मात्र उपलब्ध हुनेछ ।

**विद्यार्थीहरूको सुविधाको लागि अनलाइन फारम विद्यालयमा आई भर्न सकिनेछ ।**

विद्यालयको सूचना, प्रवेश परीक्षा तथा भर्नासम्बन्धी अन्य जानकारी विद्यालयको Facebook page: https://www.facebook.com/khwopahss र फोन नं ०१६६१०९३२, ०१६६१४३३६, ९७४१८१११७८, ९७४१८१११७९, ९७४१८१११८० बाट प्राप्त गर्न सकिनेछ ।
website : www.khwopahss.edu.np

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
**ख्वप बहु-प्राविधिक अध्ययन संस्थान**
भक्तपुर

**प्रमाणपत्र तह नर्सिङ विषयमा नयाँ भर्नासम्बन्धी सूचना**

शैक्षिक शत्र २०८३/८४ का लागि **प्रमाणपत्र तह नर्सिङ विषयको पूर्णशुल्कीय**तर्फ यस ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूले CTEVT परीक्षा नियन्त्रण कार्यालयको वेभसाइट **itms.ctevt.org.np** मा गई मिति **२०८३/०२/१३** गते बुधबारभित्र रितपूर्वक अनलाइन आवेदन फाराम भर्न सूचित गरिन्छ । एस.ई.ई./एस.एल.सी. परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा आवेदकहरूको योग्यताक्रम सूची निर्धारण गरी भर्नाका लागि छनोट गरिने व्यहोरा पनि जानकारी गराइन्छ ।

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**

| क्र.सं. | पद्धति | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | अक्षराङ्कन पद्धति लागू हुनुपूर्वका विद्यार्थीहरूको हकमा | अनिवार्य गणित, अङ्ग्रेजी र विज्ञान विषय लिई SLC वा सो सरहको परीक्षामा कम्तीमा ४५ प्रतिशत अङ्क प्राप्त |
| २. | अक्षराङ्कन पद्धतिको नतिजाको हकमा | प्रवेशिका वा SEE परीक्षामा अनिवार्य अङ्ग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा स्तरिकृत अङ्क ४.० मा न्यूनतम २.० GPA प्राप्त |

♦ ANM को हकमा ANM विषयको कूल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अङ्क प्राप्त

**नर्सिङ विषयमा कोटाको व्यवस्था**

| समूह | विवरण | कोटा सङ्ख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १. | भक्तपुर नगरपालिकाभित्र | २१ | २ | २३ |
| २. | भक्तपुर जिल्लाका सूर्यविनायक, चाँगुनारायण र मध्यपुर नगरपालिकाको लागि २/२ कोटा | ३ | ३ | ६ |
| ३. | अ.न.मी. | २ | * | २ |
| ४. | दुर्गमसहित ७६ जिल्लाको लागि | ५ | १ | ६ |
| ५. | वर्गीकृत(नि:शुल्क) छात्रवृत्ति | ३ | | ३ |
| | जम्मा | | | ४० |

- अनलाइन आवेदनबापतको शुल्क रू.१,०००/- फाराम भर्दाको समयमा नै **Connect IPS** वा **Khalti Digital Wallet** मार्फत बुझाउनु पर्नेछ ।

**विस्तृत जानकारीको लागि**
**Facebook Page: www.facebook.com/khwopa.kpti**
सम्पर्क फोन: ०१-६६१९५८५

# पुर्खाले छोडेर गएका अमूर्त सम्पदाहरूको जगेर्ना गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्ने



भक्तपुर, २९ वैशाख । भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा मङ्गलबार स्थानीय अग्रज सांस्कृतिककर्मीहरूको भेला सम्पन्न भयो । नगरपालिकाको आयोजनामा हुन गइरहेको दाफा प्रदर्शनीको तयारीको विषयमा छलफल तथा राय सुझाव सङ्कलन गर्न उक्त भेला आयोजना गरिएको थियो ।

कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले दाफा भजनले ऐतिहासिक घटना र तथ्यहरूलाई गीतमार्फत प्रस्तुत गर्ने उल्लेख गर्दै पुर्खाले छोडेर गएका अमूर्त सम्पदाहरूको जगेर्ना गर्दै नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले मठ, मन्दिर, पाटी, सत्तलजस्तै स्थानीय भाषा, रहनसहन, गीत सङ्गीत र नृत्य पनि सम्पदाकै रूपमा रहेको चर्चा गर्दै दाफा भजनले नागरिकलाई स्वस्थ र निरोगी बनाउन पनि मद्दत गर्ने बताउनुभयो ।

नगरपालिकाले आर्थिक पारदर्शिता र जवाफदेहीतालाई प्राथमिकतामा राखेको प्रमुख प्रजापतिको भनाइ थियो । उहाँले नगरपालिकाको आम्दानी र खर्च विवरण सबैसामु नियमित सार्वजनिक गर्दै आएको र जनताका सानाभन्दा साना गुनासालाई पनि जिम्मेवारीपूर्वक समाधानमा लागिपरेको बताउनुभयो । ख्वप अस्पतालमार्फत कम शुल्कमा गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गर्ने कार्यमा स्वास्थ्यकर्मीहरू रातदिन लागिरहेको र यसबाट नगरवासी मात्र नभई देशभरिकै गरिब जनताको सेवा भइरहेको चर्चा गर्दै उहाँले जनताको आफ्नो अस्पताल भएको सानातिना कमी कमजोरीहरू पनि सुधार्नका लागि जनस्तरबाट गुनासो आइरहनु अत्यन्त सकारात्मक भएको र तत्काल समाधानका लागि प्रयास भएको स्पष्ट पार्नुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वले अग्रज सांस्कृतिक गुरुहरूको सम्मान कार्यलाई नगरपालिकाले निरन्तरता दिइरहेको उल्लेख गर्दै नगरवासी सांस्कृतिककर्मीहरूको सल्लाहबमोजिम यसपालि नगरपालिकाले दाफा प्रदर्शनी गर्ने तयारी गरेको बताउनुभयो । उहाँले प्रदर्शनीमा सहभागी हुन आवश्यक नियमहरूको बारेमा जानकारी दिनुभयो ।

पूर्ववडाध्यक्ष विष्णुबहादुर मानन्धरले दाफा संस्कृतिको इतिहासबारे जानकारी दिँदै दाफाको थ्यासाफू पुनःलेखन गरी भाषिक र शाब्दिक शुद्धता ल्याउनुपर्नेमा जोड दिनुभयो ।

सांस्कृतिक गुरु पञ्चलाल लाछिमस्युले दाफा भजनप्रति नयाँ पुस्ताको आकर्षण बढाउन जरुरी भएको चर्चा गर्दै परम्परागत लय र बोलीमा अहिलेको समसामयिक विषयलाई गीत बनाउन सकेमा नयाँ पुस्तामा आकर्षण बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

अर्का सांस्कृतिक गुरु विष्णुबहादुर मानन्धरले दाफा भजनबारे पनि अध्ययन अनुसन्धान भइरहेको चर्चा गर्दै भक्तपुरको दाफा भजनको प्रचार प्रसारमा जोड दिन अनुरोध गर्नुभयो ।

भक्तपुर नगरपालिकाले नगरव्यापी दाफा प्रदर्शनी गर्न सार्वजनिक सूचना प्रकाशित गरेको छ । यसअनुसार यही जेठ १० गतेभित्र वडा कार्यालयहरू, नगरपालिकाको प्रशासन शाखा र जनज्योति पुस्तकालयमा समूहको नाम दर्ता गर्नुपर्नेछ । प्रदर्शनीलाई व्यवस्थित गर्न नगरपालिकाले अग्रजहरूसँगको सल्लाहमा विभिन्न नियमहरू पनि बनाई सार्वजनिक जानकारीको लागि सूचना दिइएको आयोजकले बताएको छ ।

# महिला उद्यमीलाई उद्घोषण तथा भाषणकला तालिम सम्पन्न



भक्तपुर, २९ वैशाख । भक्तपुरका महिला उद्यमी व्यवसायीलाई लक्षित गरी सञ्चालन गरिएको तीनदिने उद्घोषण तथा भाषणकला तालिम मङ्गलबार सम्पन्न भएको छ ।

भक्तपुर उद्योग वाणिज्य सङ्घअन्तर्गत महिला उद्यमी उपसमितिको आयोजनामा गत आइतबारदेखि सङ्घको सभाहलमा तालिम सञ्चालन गरिएको हो । महिला उद्यमीहरूको क्षमता अभिवृद्धि गर्दै उनीहरूको व्यक्तित्व तथा नेतृत्व विकास गर्ने उद्देश्यका साथ तालिम सञ्चालन गरिएको आयोजक उपसमितिले जनाएको छ ।

तालिमको समापन कार्यक्रममा सङ्घका अध्यक्ष कृष्णमुरारी न्यौपानेले कुनै पनि व्यक्ति जीवनमा आर्थिक रूपमा सफल हुन उद्यम गर्नुपर्नेमा जोड दिनुभयो । सुरुमा जोखिम र चुनौती भए पनि आफ्नै सीप, सोचलाई प्रयोग गरी निरन्तर प्रयास र मेहनतका साथ लागिपरे उद्यमीहरू सफल हुने उहाँको भनाइ छ ।

उहाँले उद्घोषण तथा भाषणकला तालिमबाट महिला उद्यमीहरूलाई आत्मविश्वासी, प्रभावशाली र सक्षम वक्ता बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । तालिममा सिकेका ज्ञान, कला र वाक्कलाले आफ्नो व्यापार व्यवसायलाई प्रभावकारी रूपमा बजारीकरण गर्न, ग्राहकसँग सुमधुर सम्बन्ध बनाउन र सामाजिक तथा आर्थिक रूपमा सशक्त बन्न मद्दत पुगेको उहाँले विश्वास व्यक्त गर्नुभयो ।

सङ्घका निवर्तमान अध्यक्ष रोशनीमैयाँ धौबन्जाले तालिममा सहभागी महिला उद्यमीहरूलाई आफ्ना विगतका व्यवसायिक अनुभव सुनाउँदै तालिममा सिकेका ज्ञानलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभयो ।

प्रशिक्षिका रश्मि शिल्पकारले महिला उद्यमी व्यवसायीहरूको क्षमता अभिवृद्धिका लागि तालिममा सहजीकरण गर्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

कार्यक्रममा सङ्घका सचिव गौतम सुजखू, कार्यसमिति सदस्यद्वय मञ्जिला सुवेदी र सरस्वती कार्कीलगायतले आआफ्नो धारणा राख्नुभएको थियो । प्रशिक्षार्थीहरू सन्ध्या श्रेष्ठ बुद्धाचार्य, रस्मिता बखुन्छैं, गीता कार्की बस्नेत, सावित्रा खड्का, गमिना श्रेष्ठ र मन्दिर प्रजापतिले तालिम फलदायी र प्रेरणादायी भएको बताउनुभयो ।

कार्यक्रममा सङ्घका अध्यक्ष न्यौपाने र निवर्तमान अध्यक्ष धौबन्जाले २७ जना प्रशिक्षार्थी महिला उद्यमीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो ।

# सहकारी अध्यादेश २०८३ विरुद्ध सङ्घहरू एकजुट कारोबार रोक्काले सङ्कट निम्त्याउने



भक्तपुर, २९ वैशाख । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडको नेतृत्वमा भएको अन्तर-जिल्ला अध्ययन टोलीले हालै जारी 'सहकारी अध्यादेश २०८३' प्रति कडा आपत्ति जनाउँदै यसको तत्काल संशोधनका लागि साझा धारणा बनाउने निर्णय गरेको छ । धादिङ, नुवाकोट र रसुवाका जिल्ला बचत सङ्घहरूसँगको छलफलपछि सहकारीकर्मीहरूले सरकारले सङ्घहरूको कारोबार रोक्का गरेर सहकारी अभियानलाई नै सङ्कटमा पारेको निष्कर्ष निकालेका छन् ।

भक्तपुर बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले सहकारी सङ्घहरूबिच सिक्ने, सिकाउने र समसामयिक विषयमा साझा धारणा बनाई सरकारलाई दबाब (लबिङ) दिने उद्देश्यले यो भ्रमण आयोजना गरिएको बताउनुभयो । उहाँले सहकारी ऐन २०४८ देखि पाएको अधिकार प्रयोग गरी अर्बौंको कारोबार गरिरहेका सङ्घहरूलाई एक्कासि रोक्नु गलत भएको उल्लेख गर्नुभयो । "समस्याको समाधान संस्था बन्द वा कारोबार रोक्का होइन, प्रभावकारी व्यवस्थापन हो," उहाँले भन्नुभयो ।

धादिङ बचत सङ्घका अध्यक्ष सीता दुवाडीले अध्यादेशले प्रारम्भिक संस्थाहरूको सङ्घमा कारोबार गर्ने अधिकार हनन गरेको र उनीहरूलाई बैङ्क तथा वित्तीय संस्थाप्रति परनिर्भर बनाएको बताउनुभयो ।

नुवाकोट बचत सङ्घका अध्यक्ष नारायण श्रेष्ठले सङ्घहरूको कारोबार रोकिँदा सदस्यहरूको बचत फिर्तामा थप जटिलता आउने र अन्ततः जनताको पैसा जोखिममा पर्ने बताउनुभयो ।

रसुवा बचत सङ्घका अध्यक्ष ओमप्रसाद आचार्यले कारोबार रोक्का भएपछि ऋण तिर्नु नपर्ने मानसिकता विकास भई सहकारी अभियान नै सङ्कटमा पर्ने भएकाले अध्यादेश तत्काल संशोधन हुनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर बचत सङ्घका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले सङ्घले सदस्य संस्थाहरूलाई दिँदै आएको सेवा र असल अभ्यासबारे प्रस्तुतीकरण गर्नुभएको थियो । भ्रमण टोलीले ती जिल्लाहरूका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहरहरूको समेत अवलोकन गरेको थियो ।

२०८३ वैशाख २६ र २७ गते भएको उक्त भ्रमणमा भक्तपुर बचत सङ्घका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमिति र कर्मचारी गरी जम्मा २९ जनाको सहभागिता थियो । यो भ्रमणले सङ्घहरूबिच एकता, सहकार्य र साझा बुझाइ कायम गर्दै अध्यादेश संशोधनका लागि बलियो जनमत सिर्जना गरेको सहभागीहरूको ठहर छ ।

# सीमित स्रोत साधनमा काम गर्न बाध्य : मधेसी आयोग

काठमाडौँ, २९ वैशाख । मधेसी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले मधेस प्रदेशका समस्या समाधान गर्न आयोगसँग पर्याप्त बजेट र स्रोतसाधन अभाव रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिको मङ्गलबारको बैठकमा मधेसी आयोगको कामकारबाही सम्बन्धमा आयोगका पदाधिकारीहरूसँग छलफल गर्ने क्रममा उहाँले समितिमा मधेसी आयोगले भोग्नुपरेको चुनौती र अवस्थाबारे जानकारी दिनुभएको थियो ।

उहाँका अनुसार सरकारलाई हालसम्म ३०० भन्दा बढी मधेसका समस्या सिफारिस गरिएको बताउनुभयो । यसमा कतिपय मधेसका महत्त्वपूर्ण विषय हालै सम्पन्न सरकारको नीति तथा कार्यक्रममा समेटिएको पनि बताउनुभयो । अध्यक्ष साहले भन्नुभयो, "मधेसमा विद्यमान समस्या थुप्रै छन्, समाधानका लागि स्रोत अभाव छ ।"

मधेसमा विद्यमान दाइजो प्रथा, कुरीति, गरिबी, अशिक्षा, प्राकृतिक प्रकोप, बेरोजगारीलगायत समस्या छन् । यी सबैको समाधान गर्न राज्यको सहकार्य आवश्यक हुने उहाँको भनाइ छ । आयोगले हाल ७७ जिल्लामा २० लाख रूपैयाँ बजेटमा कार्यक्रम गर्नुपरेको अध्यक्ष साहले जानकारी दिनुभयो ।

अध्ययन र अनुसन्धानका लागि मात्रै पाँच लाख रूपैयाँ बजेट अपर्याप्त रहेको उहाँले बताउनुभयो । समितिका सभापति आकृति अवस्थीले मधेसका समस्या राज्यले सम्बोधन गर्नुपर्ने धारणा राख्दै यसका लागि आयोगले सहयोगी भूमिका निर्वाह गर्न सुझाव दिनुभयो ।

बैठकमा सहभागी सांसदहरूले मधेसी आयोगको काम, कतर्व्य प्रभावकारी बनाउन आग्रह गरेका थिए । सांसद पार्वती विकले मधेसमा जरो गाडेको दाइजो प्रथा अन्त्यका लागि आयोगले सचेतनामूलक कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्न आग्रह गर्नुभयो ।

सांसद रीना उप्रेती (केसी) ले सप्तरी र सिराहमा घरेलु हिंसा धेरै भएको जानकारी दिँदै यो विषयमा आयोगले अनुगमन समाधानतर्फ जोड दिनुपर्ने बताउनुभयो । सांसद दीपककुमार साहले मधेसमा बेरोजगारी अर्को ठुलो समस्या भएको औँल्याउँदै आयोगले यस क्षेत्रमा केकस्ता कार्ययोजना बनाएको छ भनी प्रश्न गर्नुभयो ।

साथै, सांसद डा. ललिता कुमारीले शिक्षा र स्वास्थ्यको अभावमा मधेसले धेरै समस्याको सामना गर्नुपरेको उदाहरण दिँदै आयोगले सरकारलाई यी दुई विषयमा राज्यको ध्यानाकर्षण गराउनतर्फ जोड दिन आग्रह गर्नुभयो । ***रासस***

**सरकारी...**

गर्दै उहाँले जनतालाई सरकारी अस्पतालमै स्वास्थ्य उपचार गराउनुपर्ने मानसिकताको विकास गराउनुपर्ने बताउनुभयो ।

अस्पतालमा आवश्यकताअनुसारको जनशक्ति व्यवस्थापन भए धेरै जनताको सेवा हुने स्पष्ट पार्दै उहाँले अस्पताललले आफूसँग भएको जनशक्ति र बजेट राम्रोसँग परिचालन गरी अगाडि बढ्नुपर्ने बताउनुभयो ।

ख्वप अस्पताल व्यवस्थापन समितिका उपाध्यक्ष एवं उपप्रमुख रजनी जोशीले नर्सिङ पेसा मानव जगतको उच्चतम सेवा हुने पेसा भएको बताउँदै नर्सिङ क्षेत्रमा स्वास्थ्यकर्मीहरूको योगदान र भूमिका सधैँ स्मरणीय हुने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले देश र समाजलाई स्वस्थ बनाउन क्रियाशील नर्सहरूको योगदान सधैँ उच्च रहेको बताउँदै स्वास्थ्य सेवा निष्पक्ष ढङ्गले प्रवाह हुनुपर्ने बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले ख्वप अस्पतालमा हाल ७३ जना नर्स कार्यरत रहेको औँल्याउँदै नर्सिङ पेसा स्वास्थ्य क्षेत्रको मेरुदण्ड हो भन्नुभयो । उहाँले नर्सिङ पेसालाई बलियो र विश्वासिलो बनाउने काममा सरकारले जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पताल वार्ड इन्चार्ज नर्स सुजना बासुकला, नर्स रविना सुवाल र जमुना काफ्लेले स्वास्थ्य क्षेत्रमा नर्सको भूमिकाबारे प्रस्ट पार्नुभयो । ख्वप अस्पतालले नर्स दिवसको अवसरमा अस्पतालमा कार्यरत नर्सहरूलाई मायाको चिनो प्रदान गरिएको थियो । नर्सहरूको तर्फबाट केही सांस्कृतिक प्रस्तुतिहरू पनि प्रस्तुत भएका थिए ।

## सङ्क्षिप्त समाचार

# सरकारलाई आयोगले बुझायो 'मानव अधिकारका विषयहरू'

काठमाडौँ, २९ वैशाख । राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारको क्षेत्रमा सरकारले प्राथमिकता दिनुपर्ने विषयहरू सरकारसमक्ष पेस गरेको छ ।

नेपालको संविधान, अन्य प्रचलित कानुन र नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि–महासन्धिले सुनिश्चित गरेका मानवअधिकारसम्बन्धी दायित्व कार्यान्वयनमा वर्तमान सरकारले दिनुपर्ने प्राथमिकताका विषयहरू र सोका लागि गरिनुपर्ने कार्यहरूसमेत उल्लेख गरी आयोगले सरकारसमक्ष पेस गरेको आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले जानकारी दिनुभयो ।

आयोगले यही वैशाख २५ मा पठाएको पत्रमा मौलिक हकको कार्यान्वयन, कानुनी सुधार, सङ्क्रमणकालीन न्याय, मानवअधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना, विकास र मानवअधिकार, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रबाट प्राप्त सुझाव र राष्ट्रिय मानवअधिकार आयोगको सुदृढीकरण गर्नुपर्ने विषय समावेश छ ।

पत्रमा निर्वाचन, मानवअधिकार एवं सार्वजनिक सेवा प्रवाह र मानवअधिकारका क्षेत्रमा गरिनुपर्ने समग्र कार्यका बारेमा विस्तृत रूपमा उल्लेख छ । आयोगले प्रेषित गरेका विषयलाई सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्ने अपेक्षा आयोगले गरेको छ । ***रासस***

# विदेश पठाइदिने भन्दै ठगी गरेको अभियोगमा छ जना पक्राउ

काठमाडौँ, २९ वैशाख । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा छ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका–९ बस्ने नवलपरासी पश्चिम रामग्राम नगरपालिका–७ का ४७ वर्षीय शैलेन्द्र पाण्डे, टोखा नगरपालिका–९ की ३० वर्षीया सुमना अर्याल, काठमाडौँ महानगरपालिका–९ बस्ने खोटाङका ३० वर्षीय विकास सुनार, काठमाडौँ महानगरपालिका–३० बस्ने नवलपरासीपूर्वका ५३ वर्षीय वासुदेव श्रेष्ठ, काठमाडौँ महानगरपालिका–९ बस्ने पाँचथरका ४७ वर्षीय धनबहादुर योङहाङ र नवलपरासीपूर्व देवचुली नगरपालिका–८ घर भएकी ३३ वर्षीया नौमाया आलेमगर छन् ।

पक्राउ परेकामध्ये शैलेन्द्रले सर्बिया, स्लोभाकियालगायतका देश पठाइदिन्छु भन्दै १३ जनाबाट ३५ लाख ७० हजार रूपैयाँ, सुमनाले युएई पठाइदिन्छु भन्दै एक जनाबाट दुई लाख ८२ हजार रूपैयाँ, विकासले स्पेन पठाइदिन्छु भन्दै १० जनाबाट १० लाख रूपैयाँ, वासुदेवले क्यानडा पठाइदिन्छु भन्दै एक जनाबाट सात लाख ५० हजार रूपैयाँ, धनबहादुरले दक्षिण कोरिया पठाइदिन्छु भन्दै एक जनाबाट दुई लाख रूपैयाँ र नौमायाले साइप्रस पठाइदिन्छु भन्दै छ लाख चार हजार ५०० रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय प्रहरी समाचार कक्षले जारी गरेको प्रहरी बुलेटिनमा उल्लेख छ । पक्राउ पर्नेमध्ये शैलेन्द्र, सुमना, विकास, वासुदेव र धनबहादुरलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको छ भने नौमायालाई जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको उल्लेख छ । ***रासस***

# काठमाडौँ महानगरमा एक हप्ताभित्र फाइल शून्य बनाउन निर्देशन

काठमाडौँ, २९ वैशाख । काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डंगोलले वडाबाट केन्द्रमा आएका सबै फाइल अबको एक हप्ता अर्थात् सोमबारभित्र शून्य बनाउन निर्देशन दिनुभएको छ ।

महानगरका क्रियाकलापको पाक्षिक समीक्षा कार्यक्रममा मङ्गलबार उहाँले विभागीय प्रमुखहरूलाई प्रक्रिया मिलेको भए स्वीकृत गर्न र नमिलेको भए कारण खुलाएर फिर्ता पठाएर शून्य फाइल बनाउने नीति कार्यान्वयन गर्न निर्देशन दिनुभएको हो ।

कार्यवाहक प्रमुख डंगोलले बजेट कार्यान्वयन गर्दा गुणस्तरीयता कायम हुन नसक्ने अवस्था भए, त्यस्ता कार्यक्रम कार्यान्वयन नगर्न वडा सचिवहरूलाई समेत निर्देशन दिनुभयो । "बेरुजु शून्य बनाउन महत्त्वपूर्ण लगाव चाहिएको छ । राजस्व सङ्कलनलाई प्रभावकारी बनाउनुपर्नेछ । सार्वजनिक जग्गा अतिक्रमण हटाएर भएका सम्पत्तिको अभिलेखन प्रभावकारी बनाउनुपर्नेछ । पूर्वाधारका कामलाई गुणस्तर बनाउनुपर्नेछ । रातको समयमा सडकबत्ती निभ्न नदिने व्यवस्था मिलाउनुपर्नेछ । भू–प्रशासनलाई चुस्त बनाउनुपर्नेछ । वडामा नै महानगरको मुहार देखिने भएकाले यसतर्फ सबै संवेदनशील बनौँ," उहाँले भन्नुभयो ।

वित्त विभागका प्रमुख डा. शिवराज अधिकारीले हालसम्म महानगरको खर्च प्रतिशत ४० दशमलव ९४ र वडाहरूको ३९ दशमलव तीन प्रतिशत रहेको जानकारी दिनुभयो । सबैभन्दा धेरै खर्च गर्ने वडाले ५७ दशमलव १७ प्रतिशत प्रगति गरेको, त्यसपछि ५६ दशमलव ४७ र ५० दशमलव ६२ प्रतिशत खर्च भएको उहाँले बताउनुभयो ।

यसैगरी सबैभन्दा कम खर्च गर्ने वडाको खर्च १३ दशमलव २१ प्रतिशत रहेको छ भने त्यसभन्दा बढी खर्च गर्नेमा दोस्रोको १६ दशमलव ८१ र तेस्रोको खर्च प्रतिशत १७ दशमलव ६८ प्रतिशत छ ।

महानगरले वडालाई ठुला, मझौला र साना गरी तीन प्रकृतिमा विभाजन गरेर बजेट विनियोजन गर्ने गरेको छ । वडा नं १, ३, ४, ६, ७, ९, १०, ११, १३, १४, १५, १६, २६, ३१ र ३२ गरी १५ वडा ठुला, २, ५, ८, १२, १७, २२, २४, २५, २८, २९ र ३० गरी ११ वडा मझौला र बाँकी १८, १९, २०, २१, २३ र २७ लाई साना वडामा राखिएको छ ।

कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रबाहेक अन्य वडास्तरीय क्षेत्रगत विकासका लागि ठुला वडालाई रु. १० करोड, मझौलालाई रु. सात करोड ५० लाख र साना वडालाई रु. पाँच करोड बजेट विनियोजन गरिएको छ । ***रासस***



**रुप्से झरनामा पर्यटक**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ दानामा रहेको रुप्से झरनाको सौन्दर्य अवलोकन गरेर रमाउँदै पर्यटक । बेनी–जोमसोम सडक भएर मुस्ताङ जाने आउने पर्यटकका लागि रुप्से झरना आकर्षक गन्तव्य बनेको छ । *तस्बिर: सन्तोष गौतम/रासस*

# एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा

महेन्द्रनगर, २९ वैशाख । सुदूरपश्चिम प्रदेशका दुई वटा पालिकाका एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएका छन् । क्षेत्रीय सहरी विकास आयोजनाअन्तर्गत एसियाली विकास बैङ्क (एडीबी) को सहयोगमा कञ्चनपुर र कैलालीमा गरी तीन पालिकामा फोहरमैला व्यवस्थापन केन्द्रको काम अघि बढेको थियो ।

कैलालीको अत्तरीया र कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेका छन् । सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका प्रमुख तुलसीराम खर्बुजाले कैलालीको धनगढी उपमहानगरपालिकामा रहेको फोहोरमैला व्यवस्थापन केन्द्र शीघ्र सञ्चालनमा आउने दावी गर्नुभयो ।

तोकिएको समयमै निर्माण सम्पन्न भए पनि धनगढी उप महानगरपालिका–७ पटेलामा बनिरहेको फोहरमैला व्यवस्थापन केन्द्रको निर्माण निर्माण पक्षले समयमै सम्पन्न गरेपनि सञ्चालनमा आउन सकेको छैन् ।

थप गरेर रु. एक अर्ब नौ करोड लागत अनुमान रहेको उक्त व्यवस्थापन केन्द्रको 'भिओ' (भेरियसन अर्डर) प्रक्रियामा रहेकाले सञ्चालनमा ढिलाइ हुन गएको हो । "भिओको लागि माथिल्लो निकायमा पेस गरेका छौँ ।" सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका प्रमुख खर्बुजाले भन्नुभयो, "फोहरमैला व्यवस्थापनका लागि आवश्यक सवारीसाधन र 'स्टिमेट' मा नभएको विषयको निर्माणमा पालिकाले माग गरेपछि 'भेरियसन अर्डर' अघि बढाइएको हो ।"

धनगढीको फोहरमैला व्यवस्थापन केन्द्रमा ३० वर्षसम्म धनगढीको फोहर व्यवस्थापन गर्न सकिने छ । चीनको सिचुवान प्रोभिन्स जियोलोजिकल इन्जिनियरिङ कम्प्लेक्सले ठेक्का पाएर निर्माणको काम तोकिएकै अवधीमा सकेको हो । तर, 'भिओ' का कारण निर्माण पक्षले अहिले काम गर्न पाएको छैन ।

सङ्घीय आयोजना कार्यान्वयन एकाइ धनगढीका अनुसार कैलालीको अत्तरियामा करिब १० महिना र शुक्लाफाँटा नगरपालिकामा गत भदौ महिनादेखि फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेका छन् । उहाँले भन्नुभयो, "तीन वर्षसम्म व्यवस्थापन केन्द्र निर्माण कम्पनी आफैले सञ्चालन गर्नुपर्ने हुन्छ । त्यसपछि सम्बन्धित पालिकालाई हस्तान्तरण हुन्छ ।"

सुदूरपश्चिममा एडीबीले चार वटा पालिकामा फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि छनौट गरेको भए पनि कञ्चनपुरको भीमदत्त नगरपालिकाले त्यसका लागि जग्गा उपलब्ध गराउन सकेन । धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा फोहरमैला व्यवस्थापन केन्द्र बनेका छन् ।

सञ्चालनमा आएका फोहरमैला व्यवस्थापन केन्द्रमा पुनः प्रयोग हुने, कुहिने र प्रयोगविहीन (नकुहिने न बिक्री हुने) गरेर तीन तरिकाले फोहर छुट्याएर व्यवस्थापन गरिँदै छ । शुक्लाफाँटा नगरपालिकामा फोहरमैला रु. ३० करोड २५ लाख लगानीमा फोहरमैला व्यवस्थापन केन्द्र निर्माण गरिएको हो ।

शुक्लाफाँटा नगरपालिका–११ श्रीकृष्ण सामुदायिक वन क्षेत्र (वनहरा खोलाको पश्चिम किनार) मा फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आएको शुक्लाफाँटा नगरपालिकाले जनाएको छ ।

शुक्लाफाँटा नगरपालिका कार्यालयका इन्जिनियर लोकेन्द्र भट्टले फोहरमैला व्यवस्थापन केन्द्रको काम प्रभावकारी रूपमा भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सबै वडामा फोहर राख्ने कन्टेनरहरू राखेको छ । सहरी वडाहरूमा प्रत्येक दिन फोहर सङ्कलन गरेर व्यवस्थापन केन्द्रमा लैजाने काम भएको छ ।" फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आए पनि शुक्लाफाँटा नगरपालिका सरसफाइमा जोड लिइएको उहाँको भनाइ छ । ***रासस***

# छुट्टाछुट्टै सवारी दुर्घटनामा पाँच जनाको मृत्यु

काठमाडौँ, २९ वैशाख । काठमाडौँलगायत देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी पाँच जनाको मृत्यु भएको नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय प्रहरी समाचार कक्षले जारी गरेको प्रहरी बुलेटिनमा उल्लेख छ ।

प्रहरी समाचार कक्षका अनुसार काठमाडौँ महानगरपालिका–३२ कोटेश्वर जडीबुटीस्थित सडकमा बाप्र०२–०६० प १२७५ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री ओखलढुङ्गा सिद्धिचरण नगरपालिका–९ का ४३ वर्षीय भुवन गुरुङको मृत्यु भएको छ । सोमबार राति भएको उक्त दुर्घटनामा गम्भीर घाइते भएका उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारका क्रममा मङ्गलबार बिहान मृत्यु भएको हो ।

त्यसैगरी, महोत्तरीको गौशाला नगरपालिका–४ ठाकुरपोखरी नजिक सडकमा बीआर३०यु ४४९९ नम्बरको मोटरसाइकल गए राति दुर्घटना हुँदा चालक सोही नगरपालिका–३ नवराजपुर बस्ने २५ वर्षीय सुवेशकुमार यादवको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको नगर अस्पताल गौशालामा उपचारका क्रममा मृत्यु भएको हो ।

त्यसैगरी, सुनसरीको इटहरी उपमहानगरपालिका–१७ विवेक पट्रोलपम्पस्थित सडकमा बागमती प्रदेश०१–००६ख ६६४९ नम्बरको बसले प्रदेश२–०१–००१त १४६७ नम्बरको ट्याक्टरलाई मङ्गलबार बिहान ठक्कर दिँदा ट्याक्टरमा सवार सप्तरी कन्चनरूप नगरपालिका–५ का १८ वर्षीय उत्तम सरदारको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको सान्विसिटी अस्पताल लविपुरमा उपचारका क्रममा मृत्यु भएको हो । दुवै सवारीका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

त्यसैगरी, रौतहट जिल्ला परोहा नगरपालिका–६ कोप्वास्थित सडकमा बीआर०५एच २८७७ नम्बरको मोटरसाइकल र बा८प ६४४८ नम्बरको मोटरसाइकल गए राति एकापसमा ठोक्किएर भएको दुर्घटनामा बीआर०५एच २८७७ नम्बरको मोटरसाइकलमा सवार सोही नगरपालिका–३ तेजापाकड बस्ने २२ वर्षीय सुरेन्द्र पासवानको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल गौरमा उपचारका क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका बा८प ६४४८ नम्बरको मोटरसाइकलमा सवारमध्ये एक जनाको नेसनल मेडिकल कलेज वीरगन्जमा उपचार भइरहेको छभने एक जनालाई थप उपचारका लागि चितवनतर्फ रिफर गरिएको छ ।

यसैगरी, रौतहटको कटहरिया नगरपालिका–४ बहादुरपुर टोलस्थित सडकमा कटहरियाबाट सन्तपुरतर्फ जाँदै गरेको म.प्र.०२–०३–११प ३५०८ नम्बरको मोटरसाइकलबाट लडेर फतुवा विजयपुर नगरपालिका–५ गमहरियाकी ३८ वर्षीया रिङ्कुदेवी ठाकुरको गए राति मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको उपचारका लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

दुर्घटनाका सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय कक्षले जारी गरेको प्रहरी बुलेटिनमा उल्लेख छ । ***रासस***

। सम्पादकीय ।

# नीति तथा कार्यक्रम व्यापक जनता केन्द्रित छैन

सरकारले आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । राष्ट्रपति रामचन्द्र पौडेलले सोमबार सङ्घीय संसद्को संयुक्त सदनमा सरकारको नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् । नीति तथा कार्यक्रममा उत्तरदायी सुशासनमार्फत सामाजिक न्याय, समतामूलक अवसर र आर्थिक विकास दुतत्तर गतिमा गर्ने उद्घोष गरिएको छ । सरकारले सुशासनलाई समृद्ध नेपालको आधारशिलाको रूपमा ग्रहण गर्दै भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र सामाजिक उन्नतिलाई अभियानको रूपमा अघि बढाउने सरकारको जोड छ । राजनीतिक दलहरूसँग संवाद र सहकार्यका आधारमा संविधान संशोधनको साझा विषय रहेको पनि कार्यक्रममा उल्लेख छ । सरकारले समस्याग्रस्त सहकारी संस्थाका बचतकर्ताको रकम कर्जा असुली गरेर फिर्ता गर्ने नीति अघि सारेको छ । भूमिहीन सुकुमवासीको दीर्घकालीन व्यवस्थापन गर्ने, वैदेशिक रोजगारीलाई विकल्पमा परिणत गर्न राष्ट्रिय प्रवर्द्धन दशक घोषणा गर्ने, निजामती र अन्य कुनै सार्वजनिक निकायमा कार्यरत कर्मचारी राजनीतिक दल वा राजनीतिक गतिविधिमा संलग्न भए भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिने उल्लेख छ । सेवा प्रवाह र सुशासन प्रवर्द्धनलाई नतिजामुखी बनाउन ट्रेड युनियन खारेज गर्ने नीति पनि सरकारले लिएको छ ।

नेकाका अर्जुननरसिंह केसीले नीति तथा कार्यक्रम पुरानोमा जलप लगाएर निरन्तरता दिइएको कर्मकाण्डी भने भने एमालेका गुरु बराललले पुराना राजनीतिक दलले तयार गरेका पूर्वाधारहरूमा नयाँ शब्दावली प्रयोग गरी कार्यक्रम ल्याएको बताए । सरकारले ट्रेड युनियन खारेज गर्ने नीति तथा कार्यक्रम सार्वजनिक गरेसँगै यता सर्वोच्च अदालतले सोमबार विद्यार्थी सङ्गठन तथा स्ववियु र कर्मचारी ट्रेड युनियन खारेजी गर्ने निर्णयमा प्रश्न उठाएको छ । त्यस्तै सरकारले सुकुमवासीको बास भत्काउँदै उठिबास गरिरहेको बेला अदालतले सुकुमवासी बस्ती नहटाउन अन्तरिम आदेश जारी गरेको छ । कर्मचारीको ट्रेड युनियन खारेजी रोक्न र विश्वविद्यालयमा विद्यार्थी सङ्गठनमाथि प्रतिबन्ध लगाउने सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्चले सोमबार अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

अर्थविद्हरूका अनुसार कार्यक्रममा नवीनता छैन । सरकारको खास प्राथमिकता के हो, त्यो पनि प्रस्ट छैन । निर्वाचनताका रास्वपाले आफ्नो नेतृत्वमा सरकार बने कायापलट गर्ने प्रतिबद्धता गरेको थियो । तर, त्यो प्रतिबद्धताअनुसार कार्यक्रममा कुनै परिवर्तनको सङ्केत छैन । नीति तथा कार्यक्रममा शब्दले सजाएर, आकर्षक कुरा फुकेर समाज परिवर्तन हुने होइन । नीति तथा कार्यक्रम साँच्चै सतही ढङ्गले ल्याएको देखिन्छ । कर्मचारी र विद्यार्थी सङ्गठन हटाइए पनि उनीहरू देश र जनताको सेवा गर्ने राजनीतिबाट अलग्ग हुँदैनन् । के कर्मचारीहरूले निर्वाचनमा मतदान गर्न पाउँदैनन् ? आफूले मनपरेको दलका उम्मेदवारलाई मतदान गर्नु के राजनीति होइन ? राजनीतिमा लागेर पूर्वाग्रही काम पो गर्नुहुँदैन । सरकारले हालै चौथो श्रेणीमा रहेका न्यायाधीशलाई प्रधानन्यायाधीशमा नियुक्त गर्नु के राजनीति होइन ?

सत्तासीन दलका प्रम र नेताहरूले न्याय निसाफ गर्ने न्यायालयमा राजनीति गर्न पाउने, प्रधानन्यायाधीशहरू आफूलाई नियुक्त गर्ने दलप्रति समर्पित हुन पाउने अनि देशको रक्षा गर्न लड्ने विद्यार्थी र जनताको सेवामा कार्यरत कर्मचारीहरू कसरी राजनीतिबाट अलग्ग हुन्छन् ?

सहकारी पीडितहरूको रकम असुल्ने प्रक्रिया पनि चित्तबुझ्दो देखिँदैन । पैसा कोसँग असुल्ने, कहिलेसम्ममा असुल्ने, असुल्न सक्छ कि सक्दैन ? असुल्न नसकेमा सरकारले बजेट छुट्याउँछ कि छुट्याउँदैन ? सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम चित्तबुझ्दो खालको देखिँदैन । सरकारी नीति तथा कार्यक्रम एउटा स-साना योजना र विकास कार्यमा केन्द्रित देखिन्छ । झन्डै दुईतिहाइ मत प्राप्त सरकारले नीति तथा कार्यक्रम प्रस्तुत गरेर के के न नयाँ नयाँ योजना ल्याउला भन्ने जनताको विश्वासमा मत्थर भएको छ । समग्रमा नीति तथा कार्यक्रममा कुनै रूपान्तरण हुने सङ्केत देखिएको छैन । स-साना योजना बाँडेर या कनिका छरेझैँ छरेर विकास योजना उचाइमा पुग्दैन । कार्यक्रम जनताकेन्द्रित छैन । देशलाई यसरी अघि बढाउँछौँ भन्ने कुनै मार्गचित्र देखिँदैन । यसले सरकारको नेतृत्व गर्ने युवा मन्त्री र सांसदहरू जोशिला र जाँगरिला भए पनि दूरदर्शी छैनन् । यसले उनीहरूमा देश विकास गर्ने राम्रो योजना र दृष्टिकोण नभएको स्पष्ट हुन्छ ।

# 'श्रमिक' साप्ताहिक राजनीतिक व्हिसलब्लोअर (अग्रदूत) हो

● योगन्द्रमान बिजुक्छेँ

**संस्थान वा कुनै कथनको आलोचनात्मक विश्लेषण (Critical Discourse Analysis) समाज र भाषा विज्ञानको एउटा अनुसन्धान पद्धति हो । यस अनुसन्धान पद्धतिले त्यस संस्थानको (कथन) भाषा, भाव र प्रयोग गरिएका शब्दहरूको विश्लेषण गर्छ । यस पद्धतिले भाषालाई परम्परागत रूपमा सञ्चारको माध्यमका रूपमा मात्र हेर्दैन । यसले भाषामा अन्तरनिहित सत्ता र शक्तिको सम्बन्ध मात्र नभई भाषालाई समाज परिवर्तनका संवाहकका रूपमा हेर्छ । भाषाको भाव र शब्दहरूको चयनलाई विश्लेषण गर्दै यसले कुन विचारधारा र समाजको कुन वर्गको पक्ष पोषण गरेको हो भनी निर्क्योलमा पुऱ्याउँछ ।**


आज हामी दुई पुस्तकहरूको एकै दिन सार्वजनिकीकरण गर्दै छौँ । यसलाई हामीले सुखद् क्षणको रूपमा लिँदै छौँ । साप्ताहिक वा दैनिक अखबारमा छापिसकेको कुनै स्तम्भ वा सम्पादकीयको सङ्कलन गरेर कुनै पुस्तकका रूपमा पुनः प्रकाशन गर्नु आवश्यक होला र भन्ने हामी धेरैलाई जिज्ञासा पनि होला ! 'श्रमिक' साप्ताहिक विगत ३३ वर्षदेखि निरन्तर रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति, विश्वका प्रगतिशील र कम्युनिस्ट विचारधारा र आन्दोलनको पक्षधरका व्यक्तित्वहरूको विचारलाई पस्कँदै आएको एक मिसन वा आस्थाको पत्रिका हो । पुस्तकहरूले कुनै न कुनै रूपमा ज्ञान, चेतना, विचारलाई पस्किरहेको हुन्छ । साथै तात्कालीन समयको राजनीति, समाजका घटना र परिघटनालाई समेत प्रतिबिम्बित गरेको हुन्छ ।

यस्तो सम्पादकीय वा कुनै स्तम्भ विशेषको सङ्कलनलाई पुस्तकको रूपमा छापिने दस्ताबेजको प्रकृति र महत्त्व छुट्टै हुन्छ । प्रत्येक हप्तामा प्रकाशितस्तम्भ वा सम्पादकीयले एउटा घटना वा मुद्दा विशेषको बारेमा चर्चा र विश्लेषण गरेको प्रतीत हुन्छ भने ती स्तम्भ र सम्पादकीयको सङ्कलन सङ्ग्रहले भने एउटा विचारधारा, सिद्धान्त वा दर्शनलाई पस्किरहेको हुन्छ, जसरी फूलको एउटा विशेषता हुन्छ तर त्यही फूलहरू सङ्गालेर उनेको मालाको विशेषता छुट्टै हुन्छ । संस्थान वा कुनै कथनको आलोचनात्मक विश्लेषण (Critical Discourse Analysis) समाज र भाषा विज्ञानको एउटा अनुसन्धान पद्धति हो । यस अनुसन्धान पद्धतिले त्यस संस्थानको ( कथन) भाषा, भाव र प्रयोग गरिएका शब्दहरूको विश्लेषण गर्छ । यस पद्धतिले भाषालाई परम्परागत रूपमा सञ्चारको माध्यमका रूपमा मात्र हेर्दैन । यसले भाषामा अन्तरनिहित सत्ता र शक्तिको सम्बन्ध मात्र नभई भाषालाई समाज परिवर्तनका संवाहकका रूपमा हेर्छ । भाषाको भाव र शब्दहरूको चयनलाई विश्लेषण गर्दै यसले कुन विचारधारा र समाजको कुन वर्गको पक्ष पोषण गरेको हो भनी निर्क्योलमा पुऱ्याउँछ ।

यही अनुसन्धान पद्धतिको आलोकमा यी दुई पुस्तकहरू, 'सम्पादकीय सङ्कलन (तेश्रो खण्ड)' र 'एकक्षण (समसामयिक टिपणी सङ्कलन)' को सामान्य समीक्षा गर्दा मूलधारका आफूलाई 'राष्ट्रिय पार्टीहरू' दावा गर्ने र सत्तासीन राजनीतिक पार्टीहरूको शासन सञ्चालनको शैली र तिनीहरूले विविध विषयमा अपनाएका नीतिहरूको आलोचनात्मक विश्लेषण गरिएको देखिन्छ । समाजवादी बन्दोबस्त र कम्युनिस्ट व्यवस्थालाई नेपाली काङ्ग्रेसले आफ्नो लक्ष्य नै बनाएको छैन । तर, आफूलाई कम्युनिस्ट पार्टी र कम्युनिस्ट व्यवस्थाका हिमायती मान्ने एमाले र एमाओवादीले उल्टै पुँजीवादी व्यवस्थाको नयाँ रूप नवउदारवादी आर्थिक नीतिमा आफूलाई चुर्लुम्म डुबाउने खालका रवैयामाथि दुबै सम्पादकीय सङ्कलन र टिपणी सङ्कलन एकक्षणले तीखो वाण हानेका छन् ।

विसं २०७२ माघ महिनादेखि ७५ माघ महिनासम्म ३ वर्षका विभिन्न ५४ वटा समसामयिक टिपणीहरूको सङ्गालो एकक्षण आकारमा सानो करिब १६० पेजको मात्र देखिए पनि यसले विविध विषयहरूका बारेमा टिपणी गरेको छ । राजनीतिक पार्टीहरूको सरकारमा जानुको अर्थ, राजनीतिक पार्टीहरूले बेइमानी, ठेकेदार, माफिया, जालीफटाहा, विदेशी शक्तिसँग साँठगाँठ भएका छद्म व्यापारीहरूलाई पार्टीमा भित्र्याइनु, तिनीहरूबाटै उनीहरूको स्वार्थअनुसार सरकारको नीति निर्माणमा हस्तक्षेप गराइने प्रवृत्ति, देशको हितविपरीतको सन्धि सम्झौता गराउने तत्त्वहरू सत्तासीन पार्टीहरूमा हाबी भइरहका कुराप्रति ती समसामयिक टिप्पणीहरू केन्द्रित देखिन्छन् । यस अर्थमा सिङ्गो नेपालको राज्य सत्ता र यसका विभिन्न अवयवहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका राजनीतिक पार्टीहरू, सरकारको नीति, विपक्ष सबैलाई सिङ्गो एक सस्थाका रूपमा लिँदा यस पुस्तकलाई 'व्हिसलब्लोअर' मान्न सकिन्छ । कुनै संस्थाभित्र अनियमितता, भ्रष्टाचार, गैरकानुनी तथा अनैतिक कार्यका बारेमा सचेत गराउँदै यसलाई रोक्ने उद्देश्यले यस्ता अनियमिततालाई उदाङ्ग्याउने संस्थाभित्रकै व्यक्ति नै 'व्हिसब्लोअर' हो ।




*"हामीजस्ता राजनीतिक कार्यकर्ता तथा समसामयिक विषयमा लेख-रचना लेख्नेहरूका लागि यस पुस्तकले दिशानिर्देश गरिरहको प्रतीत हुन्छ । किनभने यसका टिप्पणीहरू खालि टिप्पणीका लागि होइन भन्ने कुरा राम्ररी अनुभूति गर्न सकिन्छ । उदाहरणका लागि 'नेवार समुदायबारे थप अध्ययनको आवश्यक' शीर्षकको टिप्पणीले पाठकलाई चाल नपाउने गरी विषयको सैद्धान्तिक गहिराइ र प्राज्ञिक चिन्तनको तहमा पुऱ्याउँदै सतहमा देखिने अनियमितका बारेमा समेत औँल्याएको हुन्छ ।"*

हामीजस्ता राजनीतिक कार्यकर्ता तथा समसामयिक विषयमा लेख-रचना लेख्नेहरूका लागि यस पुस्तकले दिशानिर्देश गरिरहको प्रतीत हुन्छ । किनभने यसका टिप्पणीहरू खालि टिप्पणीका लागि होइन भन्ने कुरा राम्ररी अनुभूति गर्न सकिन्छ । उदाहरणका लागि 'नेवार समुदायबारे थप अध्ययनको आवश्यक' शीर्षकको टिप्पणीले पाठकलाई चाल नपाउने गरी विषयको सैद्धान्तिक गहिराइ र प्राज्ञिक चिन्तनको तहमा पुऱ्याउँदै सतहमा देखिने अनियमितका बारेमा समेत औँल्याएको हुन्छ ।

पेज ९३ को एउटा प्रसङ्गलाई हेरौँ - "२००७ सालपछि चर्चामा आउने नेवारहरू भन्नुको अर्थ भारतीय मूलकै माथिल्ला जनताका पुराना शासकहरू नै 'भारत' का शासकहरू थिए । तर, नेवारहरूको विषयमा राम्रो जानकारीकै अभावमा एकजना भारतीय राजदूतले जातिगत रूपले नेवारहरूलाई भारतविरोधी कल्गी लगाइदिएका हुन् वा पञ्चायतकालका शासनमा बस्ने कर्मचारीहरूले भारतीय राजदूतलाई गलत जानकारी दिएको हुनसक्छ ।"

त्यस्तै पेज ९४ को अनुच्छेदलाई नियालौँ - 'सोझा यस कारणले भनियो होला, चार आना सस्तोमा नेवारको जग्गा किनेर ५/१० आना बनाए पनि तिनीहरू चुप लागे होलान् ! त्यसैले सोझा हुने नै भए । देशभरका जालीफटाहा काठमाडौँ आएर वाग्मती, मनहरा र हनुमन्ते किनार एवम् ऐलानी जग्गामा २/४ जना नेवारलाई साथ लिएर घरजग्गाको व्यापार गरे होलान् । तिनीहरूको अनुभवले नेवारहरू सोझा, मूर्ख वा भेडा त हुने नै भए !'

पुस्तकको प्रकाशकीयमा स्तम्भका साहित्यिक विषयलाई समावेश नगरिएको जनाइए तापनि सामावेश गरिएका दुई/चार वटा साहित्यिक आलेखहरूले थप बौद्धिक छलफलका लागि मात्र ढोका खुल्ला गरेको होइन बरु साहित्यले राजनीतिको सेवा गर्नुपर्छ र साहित्यलाई राजनीतिको आलोकमा अध्ययन गर्नुपर्छ भन्ने मान्यताको धरातलमा ती साहित्यको समीक्षा गरेको स्पष्ट झल्किन्छ । पेज १५६ को 'साहित्य र आजको मधुपर्क' को एक प्रसङ्गलाई लिऔँ - शैलेन्द्र साकारका 'मुनाका मदनहरू' ले २०४८ सालपछि ...४० लाखभन्दा बढी युवाहरू र चेलीहरू केहीलाई छोडेर रगतको आँसु बगाउँदै छन्...त्यही अर्थमन्त्रीलाई विदेशी बहुराष्ट्रिय कम्पनीले सन्मान गऱ्यो ।'

त्यसरी नै अर्को साहित्यिक आलेख 'आस्था साँस्कृतिक परिवारको नाटक प्रदर्शनबारे 'बहुलाकाजीको सपना' नाटकको बारेमा गरिएको समीक्षामा राणाकालीन समयमा शासकविरुद्ध उठेको आवाज र नाटकका लेखकले उठाएका अमेरिकी स्वतन्त्रता सङ्ग्राम र फ्रान्सेली क्रान्तिका प्रसङ्गलाई टिप्पणीकार अप्सराले तत्कालीन समयका मध्यम वर्गीय राजनीतिक र सामाजिक चेतना पुँजीवादी क्रान्तिसम्म मात्र पुगेको उजागर गरेका छन् । नेपालका ख्यातिप्राप्त नाटककार विजय मल्ल पनि यही पुँजीवादी क्रान्तिका एक पक्षधर हुन् भनी प्रस्ट्याइको छ ।

अन्तमा, पुस्तकमा केही शुद्धाशुद्धिका त्रुटिहरू देखिएका छन् । लेखकले लेखाइको बहावमा पूर्णविराम नलागेको भनेर केही स-साना कुराहरूलाई छाड्दै अगाडि बढेको हुन्छ । यही क्रममा रामप्रसाद ढकाल हुनुपर्नेमा ढकाल वा रामप्रसाद मात्र भएको हुनसक्छ जसलाई सच्याउनु सम्पादकको दायित्वभित्र पर्छ, सायद । पुस्तकमा तत्कालीन अमेरिकी राज्य सचिव माइक पोम्पेओ हुनुपर्ने स्थानमा पोम्पेओ मात्र भएका जस्ता त्रुटिहरू देखिन्छन्, 'सोभिनिज्म' हुनुपर्नेमा 'च्याउमिन' समेत हुन पुगेको देखिन्छ । समग्रमा पुस्तक पठनीय र सङ्ग्रहनीय छ । साप्ताहिक स्तम्भलाई पुस्तकको रूपमा प्रकाशित गरेकोमा 'श्रमिक' साप्ताहिक टीमलाई साधुवाद तथा नेपथ्यमा बसेर अथक मिहिनेत गरेका साथीहरूलाई मुरीमुरी धन्यवाद ।

*(वैशाख १९ गते पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त गरिएको विचारको सार)*

# के वामपन्थ साँच्चै असान्दर्भिक भइसकेको हो ? केरला मोडेल र सामाजिक सद्भावको वास्तविकता

● जोन ब्रिटास

हालै म हड्तालमा उत्रिएका कामदारहरूलाई भेट्न भारतको नोयडा गएको थिएँ । म उनीहरूका कुरा सुन्न, उनीहरूका चिन्ताहरू बुझ्न र उनीहरूको सङ्घर्षप्रति ऐक्यबद्धता जनाउन चाहन्थेँ । त्यो भ्रमणपछि मेरो मनमा कामदारहरूको पीडा मात्र होइन, बरु हाम्रा मूलधारका राजनीतिज्ञहरूको मौनताले गहिरो छाप छोड्यो । मैले त्यहाँ भाजपाका नेताहरूलाई देखिनँ, न त काङ्ग्रेसका नेताहरू नै त्यहाँ भेटिए । 'उद्योग-मैत्री' देखिन लालायित राजनीतिक दलहरूका लागि कामदारहरू प्रायः केवल तथ्याङ्कीय अमूर्तता मात्र हुन् । अर्थतन्त्रलाई गति दिने ती अदृश्य हातहरू, जो राजनीतिक ध्यानका लागि भने अयोग्य मानिन्छन् ।

यही नै समकालीन भारतको त्रासदी हो: उत्सव मनाइँदै गरेको प्रचुरताको बीचमा देख्नै नसकिने गरिबी ।

एकातिर देशले सेयर बजारको उचाइ, युनिकोर्न कम्पनीहरू र विश्वव्यापी पुँजीको आगमनको उत्सव मनाइरहेको छ भने, अर्कोतिर वास्तवमै अर्थतन्त्र चलायमान राख्ने लाखौँ मानिसहरू अझै पनि जोखिमपूर्ण ज्याला, अनौपचारिक सम्झौता र यस्तै अन्य कठिनाइमा बाँचिरहेका छन् । कारखानाका मजदुर, डेलिभरी एजेन्ट, सरसफाइ कर्मचारी र गिग कामदारहरूलगायत भारतको विशाल मौन श्रमशक्ति विकासका विजयगाथाहरूमा विरलै देखा पर्दछन् । यहीँ नै वैचारिक निष्ठाको महत्त्व हुन्छ ।

एक वामपन्थीका रूपमा मेरो राजनीतिक चेतनाले मलाई मजदुरहरूको पक्षमा उभिन बाध्य बनाउँछ । यो चुनावका लागि अपनाइने कुनै फेसन होइन, बरु श्रमका समस्याबिनाको राजनीति कर्पोरेट व्यवस्थापनभन्दा बढी केही हुन सक्दैन भन्ने मेरो विश्वास हो । आज धेरै दलहरूले कर्पोरेटहरूको आवाज र स्वार्थलाई बढवा दिँदै गर्दा मजदुरहरूप्रति भने केवल ओठेभक्ति मात्र प्रकट गर्छन् । वामपन्थले मात्र शोषण, असमानता र श्रमको गरिमाका बारेमा असजिलो लाग्ने प्रश्नहरू सोधिरहन्छ ।

यही राजनीतिक संस्कारले मलाई हालै कोटद्वार पुऱ्यायो, जहाँ मैले एक युवा फिटनेस उद्यमीलाई भेटेँ जसले बहुसङ्ख्यकवादी साम्प्रदायिकता र धर्मका आधारमा हुने भेदभावविरुद्ध आवाज उठाउने आँट गरेका थिए । घृणाविरुद्ध बोल्न अहिले साहसको आवश्यकता पर्छ । त्यहाँ पनि मैले मूलधारका राजनीतिज्ञहरूलाई पाइनँ ।

मेरो भ्रमण समाचार बनेपछि मात्र धेरै राजनीतिज्ञहरू ब्युँझिए । उनीहरूले ढिलो गरी दिएको ध्यानलाई म स्वागत त गर्छु, तर यसले भारतीय राजनीतिको एउटा पुरानो सत्यलाई फेरि पुष्टि गरेको छ । अन्य दलहरूले कुनै मुद्दालाई राजनीतिक रूपमा पहिचान गर्नुभन्दा धेरै अघि वामपन्थले नैतिक रूपमा त्यसको नेतृत्व गरिसकेको हुन्छ ।

वामपन्थका लागि राजनीति केवल गोष्ठी कक्ष, साहित्यिक महोत्सव वा धर्मनिरपेक्षताका बारेमा हुने 'ककटेल' गफगाफमा मात्र सीमित छैन । हामी डर र परित्यागको क्षणमा जनताको साथमा निरन्तर उभिएका छौँ । पाँच वर्षअघिको किसान आन्दोलनका क्रममा वामपन्थी कार्यकर्ता र नेताहरू सुरुदेखि नै उपस्थित हुनेहरूमध्ये थिए । धेरै मूलधारका नेताहरू निकै ढिलो गरी त्यहाँ पुगे । राहुल गान्धी आफैँले सिङ्घू सीमाको मुख्य आन्दोलन स्थलमा कहिल्यै पाइला टेकेनन् । सन् २०२० को दिल्ली दङ्गापछि, जब धेरै मानिसहरू अर्को नयाँ समाचारको खोजीमा मोडिसकेका थिए, वामपन्थी कार्यकर्ताहरू बाँचेकाहरूसँगै बसे, प्रमाणहरू सङ्कलन गरे र राज्यको मिलेमतोलाई पर्दाफास गरे ।

यो नै वास्तविक वामपन्थ हो- देखावटी अतिवाद होइन, बरु निरन्तरको ऐक्यबद्धता ।

त्यसैले, अहिले केही काङ्ग्रेस नेताहरूले वामपन्थ राजनीतिक रूपमा असान्दर्भिक भइसकेको छ वा मूलधारका राजनीतिज्ञहरूले उनीहरूको स्थान लिइसकेका छन् भनेझैँ गरी बोल्दा अचम्म लाग्छ । शशि थरुर, जसको मुख्य शक्ति शब्द र अभिव्यक्तिमा छ, उनले के कुरा सम्झिनु राम्रो हुन्छ भने- सन् २००९ देखि उनले प्रतिनिधित्व गर्दै आएको निर्वाचन क्षेत्र तिरुवनन्तपुरम एक 'विश्वव्यापी नागरिक' प्रति उदार हुनुको कारण केरलमा दशकौँदेखि चलेको सामाजिक सुधार र वामपन्थी राजनीति नै हो । उनीभन्दा अगाडि पनि केरलाका जनताले भि.के. कृष्ण मेनन जस्ता अर्का विश्वप्रसिद्ध बौद्धिक व्यक्तित्वलाई निर्वाचित गरेका थिए ।

केरलाको राजनीतिक संस्कृति संयोगवश विकसित भएको होइन । सुधारकहरू र कम्युनिस्टहरूले सामन्ती श्रेणीहरू भत्काएर, सार्वजनिक शिक्षाको विस्तार गरेर र लोकतान्त्रिक सामाजिक चेतना निर्माण गरेर समाजको कायापलट गरेका हुन् । जसले गर्दा केरलामा एक बाहिरी बौद्धिक व्यक्तित्वलाई राजनीतिक रूपमा फस्टाउन सम्भव भयो, त्यो प्रगतिशील संस्कृति स्वयं वामपन्थी प्रभावको उपज थियो ।

जब संसद्मा वामपन्थसँग करिब ६० सांसद थिए, हामीले कुनै मन्त्रालय वा सुविधाको मोलमोलाइ नगरी काङ्ग्रेस नेतृत्वको यूपीए (UPA) सरकारलाई समर्थन दियौँ । मलयालममा एउटा भनाइ छ: "हामीले एक कप कालो चियासम्म पनि मागेनौँ ।" हामीले त्यो गठबन्धनलाई समर्थन गर्यौँ किनभने साम्प्रदायिक शक्तिहरूलाई सत्ताबाट टाढा राख्नु ऐतिहासिक रूपमा आवश्यक छ भन्ने हाम्रो विश्वास थियो । यो नै वैचारिक निरन्तरता हो, जुन कुरा केवल राजनीतिक सन्देश प्रवाह गरेर नक्कल गर्न गाऱ्हो हुन्छ ।

र, अर्को एउटा सत्य पनि सम्झौँ जुन प्रायः सजिलै बिर्सने गरिन्छ: पछि यूपीएले गर्वका साथ प्रदर्शन गरेका धेरै जनकल्याणकारी उपायहरूमा वामपन्थी दबाब र हस्तक्षेपको छाप रहेको थियो ।



तथाकथित 'केरला मोडेल', वा अमर्त्य सेनले प्रख्यात रूपमा व्याख्या गरेको 'केरला अनुभव' ( Kerala experience), ठ्याक्कै यस्तै राजनीतिक प्राथमिकताहरूबाट उदय भएको हो । सीमित औद्योगिक सम्पत्तिका बाबजुद पनि सार्वजनिक स्वास्थ्य, शिक्षा र सामाजिक कल्याणमा लगानी गरेर उल्लेखनीय मानव विकास हासिल गरेका कारण विश्वभरका अर्थशास्त्रीहरूले केरलाको अध्ययन गरेका छन् । हामीले चरम गरिबी उन्मूलन गर्यौँ, जबकि धेरै धनी राज्यहरू अझै पनि गहिरो सामाजिक असमानतासँग जुधिरहेका छन् ।

के ठोस वामपन्थी परम्परा नभएको अन्य कुनै पनि राज्यले यसको छेउछाउ पुग्ने गरी कुनै उपलब्धि दाबी गर्न सक्छ ?

यहाँसम्म कि केरलाको काङ्ग्रेसले पनि राज्यको राजनीतिक संस्कृतिमा सान्दर्भिक रहनका लागि वामपन्थी राजनीतिका पक्षहरूलाई आत्मसाथ गर्नुपर्यो । यो आफैँमा वामपन्थी प्रभावको वैचारिक गहिराइको प्रमाण हो ।

आज पनि केरला सामाजिक सद्भावमा गर्व गर्छ । वामपन्थको पतनपछि राजनीतिक क्षयीकरण सुरु हुनुअघि दशकौँसम्म वामपन्थी शासन रहेको पश्चिम बङ्गालको अवस्था पनि यस्तै थियो । केरलामा कुनै पनि दलले खानपानको अभ्यासका बारेमा खुला रूपमा निर्देशन दिने हिम्मत गर्दैन, किनभने वामपन्थी प्रभावले खाना र पहिचानको साम्प्रदायिक निगरानीविरुद्ध प्रतिरोधी समाज निर्माण गर्न मद्दत पुऱ्यायो ।

भारतका अन्य ठाउँहरूमा भने हामीले बढ्दो रूपमा राज्यहरूले सांस्कृतिक अनुरूपता लाद्ने प्रयास गरेको देखिरहेका छौँ, जहाँ खानपानको बानीका नाममा मानिसहरूको हत्या भइरहेको छ ।

हामीले घृणालाई प्रतिरोध गर्ने समाज निर्माण गर्यौँ र हामी यसको प्रतिरोध जारी राख्छौँ । यी चुनावहरूमा पनि, केरलालगायत कैयौँ राज्यहरूमा, काङ्ग्रेसले प्रायः राजनीतिक विखण्डनमार्फत भाजपाको 'अप्रत्यक्ष सहजकर्ता' का रूपमा काम गर्यो, जसले अन्ततः भगवा क्याम्पलाई नै फाइदा पुऱ्यायो । विडम्बना त के छ भने, आजको काङ्ग्रेस बढ्दो रूपमा भविष्यका भाजपा नेताहरूको लागि 'तालिम केन्द्र' जस्तो देखिँदैछ, जसरी कुनै समय आरएसएस (RSS) हुने गर्दथ्यो ।

यति हुँदाहुँदै पनि, वामपन्थको हरेक चुनावी हारलाई तुरुन्तै 'विचारधाराको मृत्यु' को रूपमा व्याख्या गरिन्छ । किन ? जब डिएमके (DMK) वा टिएमसी (TMC) जस्ता दलहरूले हार बेहोर्छन्, विश्लेषकहरूले यसलाई 'चक्रीय राजनीति' भन्छन् । तर जब वामपन्थीहरूले सिट हार्छन्, उनीहरू सिङ्गो विश्वदृष्टिकोणकै सूर्यास्त भएको घोषणा गर्छन् । यो बौद्धिक रूपमा बेइमानी हो ।

वामपन्थी राजनीति जन्माउने परिस्थितिहरू अझै पनि अत्यन्तै कष्टकर रूपमा जीवितै छन् । असमानता तीव्र गतिमा बढिरहेको छ । 'गिग' कामदारहरूले सुरक्षाविनाको शोषण भोगिरहेका छन् । अनौपचारिक श्रम क्षेत्र विस्तार भइरहेको छ । राष्ट्रिय समृद्धिका दाबीहरूका बीचमा पनि लाखौँ मानिसहरू आर्थिक असुरक्षाको चक्रमा फसेका छन् ।

मैले नोयडा र कोटद्वारमा भेटेको भारत नै वास्तविक भारत हो ।

वामपन्थ साम्प्रदायिक फासीवाद र आर्थिक शोषण- दुवै विरुद्धको प्रतिरोधी व्याकरणप्रति प्रतिबद्ध छ । यो सत्य हो कि आजको राजनीतिमा प्रभुत्व जमाउने तीन 'एम'- मिडिया (Media), पैसा ( Money) र म्यानेजर (Managers)- हामीसँग छैनन् । हामी टेलिभिजन स्टुडियो वा कर्पोरेट न्युजरुमका प्रिय पात्र होइनौँ । तर हाम्रो राजनीति अझै पनि ती मानिसहरूको न्याय र गरिमामा अडिएको छ, जो सम्भ्रान्त वर्गको 'कम्फर्ट जोन' भन्दा बाहिर छन् ।

यो चुनावी धक्का पीडादायी छ । तर, यो कडा मेहेनत गर्ने र आफ्ना जराहरूमा अझ गहिराइपूर्वक फर्कने निम्तो पनि हो ।

'अन्बे शिवम' (Anbe Sivam) चलचित्रमा कमल हसन भन्छन्- ताजमहल भत्काउँदैमा प्रेम हराउँदैन । वामपन्थको हकमा पनि यही कुरा लागू हुन्छ । चुनावी हारले असमानता, घृणा र शोषणविरुद्ध लड्नुपर्ने आवश्यकतालाई मेटाउन सक्दैन । हामी गरिब र सीमान्तकृतहरूको पक्षमा बोल्ने भएकोले, प्राइम-टाइमका प्रस्तोता वा सम्भ्रान्त 'इन्फ्लुएन्सर' हरूलाई हामी स्वाभाविक रूपमा मन नपर्न सक्छौँ । तर हामी ती मानिसहरूका लागि बोलिरहनेछौँ, जसलाई भारतले प्रायः देख्न अस्वीकार गर्छ । अहिले वामपन्थको अनुपस्थितिमा उसको स्थान सजिलै लिन सकिन्छ भन्ने दाबी गर्नु ठुलो कुरा हो, जुन व्यवहारमा उतार्नुभन्दा बोल्न धेरै सजिलो छ ।

*(लेखक भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का तर्फबाट राज्यसभाका सांसद हुन् ।)*

# मार्क्स र 'सामान्य बुद्धि'

✍ डेनिस टालोन

पुँजीवादका कारण मानव जातिको 'सामाजिक मस्तिष्क' (Social Brain) बन्धक बनेको छ । कसरी ? आउनुस् केहीबेर छलफल गरौँ ।

"(सोचिरहेको व्यक्ति भाषामार्फत सक्रिय हुन्छ र त्यो भाषा आफैमा सामाजिक उत्पादन हो ।) मलाई दिइने मेरा क्रियाकलापको भौतिक उपज मात्र सामाजिक उत्पादन होइन, मेरो अस्तित्व नै सामाजिक क्रियाकलाप हो । यसकारण, म आफूलाई जे बनाउँछु, त्यो समाजका लागि बनाउँछु, आफू एक सामाजिक प्राणी हुँ भन्ने चेतनाका साथ बनाउँछु ।"

कार्ल मार्क्स, आर्थिक र दार्शनिक पाण्डुलिपिहरू, तेस्रो खेस्रा ।

तपाईंलाई थाहा भएको हरेक शब्द कसैले तपाईंलाई सिकाएको थियो ।

तपाईंले जानेको हरेक सीप कसैले सिकाएको थियो, सिकाउनेलाई अघिल्लो पुस्ताको कसैले सिकाएको थियो । तपाईंको मोबाइलमा चलिरहेको अलगोरिदम होस् वा तपाईंले पढिरहेको यो भाषा एक व्यक्तिले आविष्कार गरेको थिएन । यो त जम्मा हुँदै आएको ज्ञान हो । अनेक पुस्ता, संस्कृति, सयौँ वर्षको सामूहिक मानव प्रयत्नबाट एउटा विशाल सामाजिक मस्तिष्कको निर्माण भएको थियो । मार्क्सले यसलाई 'सामान्य बुद्धि' (General Intellect) भन्नुभयो ।

यो अवधारणा मार्क्सको नोटबुक 'ग्रुन्ड्रिजे' मा पाइन्छ । यो नोटबुक सन् १८५० को दशकमा लेखिएको थियो । पुँजीवाद विकास हुँदै जाँदा मार्क्सले उत्पादनमा प्रत्यक्ष श्रमको भूमिका झन्झन् घटिरहेको देख्नुभयो । मेसिनले बढी काम गर्दै थियो । स्वचालित मेसिनको प्रयोग ह्वात्तै बढेको थियो । यहीनिर एउटा अन्तर्विरोध देखियो - जीवित श्रम (कामदार) नै मूल्यको स्रोत हो भने र जीवित श्रमलाई व्यवस्थित रूपमै विस्थापित गरिँदै छ भने नाफा कहाँबाट आउँछ त ? मार्क्सले भन्नुभयो - सामान्य बुद्धिबाट । अर्थात्, मानव जातिले सामूहिक रूपमा थुपारेको ज्ञान, विज्ञान, प्रविधि र संस्कृतिको भन्डारबाट । कामदारहरूको प्रयासबाट मात्र होइन, तिनको प्रयासलाई सम्भव बनाउने सामाजिक मस्तिष्कबाट । विकसित पुँजीवादी अर्थतन्त्रमा धनको जग वा मूल यही हो ।




'सामान्य बुद्धि' अमूर्त कुरा होइन । भाषा, गणित, इन्टरनेट 'सामान्य बुद्धि' हुन् । मानव जातिले धेरै कुरा लेखेको छ, अनेक तर्क गरेको छ, धेरैथोक रचेको र तिनलाई आपसमा बाँडेको छ । यी सबैको विशाल अभिलेख आफैमा सामान्य बुद्धि हो । विचारको यो भौतिक पूर्वाधार सामूहिक रूपमा निर्माण गरिएको थियो ।

यहीनिर पुँजीको तर्क आउँछ । आफूले नकमाएको चीजबाट पुँजीले नाफा बनाउन सक्दैन । त्यसैले, सामूहिक स्रोतसाधनलाई उसले आफ्नो बनाउँछ । तिनलाई हडप्छ, मुठ्ठीमा राख्छ । यो पुँजीको रीत नै हो । भूमिको सन्दर्भमा यो प्रक्रियालाई मार्क्सले एउटा नाम दिनुभयो - 'कथित आदिम सञ्चय' ( so-called primitive accumulation) । साझा भूमिलाई जबरजस्ती निजी सम्पत्ति बनाउने काम पुँजीवादभन्दा धेरै अघिबाट हुँदै आएको छ । 'सामान्य बुद्धि' नयाँ साझा सम्पत्ति हो । यसलाई हडप्ने काम पनि धेरै अघिदेखि चलिरहेको छ ।

यसको सबैभन्दा स्पष्ट उदाहरण हो - विशाल भाषा मोडल (Large Language Model) । अनगिन्ती मान्छेले लेखेका अरबौँ दस्ताबेज, लेख, संवाद, किताबलाई इन्टरनेटबाट जम्मा गरेर तिनलाई 'सामान्य बुद्धि' मा बदलिएको छ; डिजिटल उद्यमका लागि सम्पत्ति बनाइएको छ । मानिसहरू सामूहिक रूपमा तयार गरेको 'सामाजिक मस्तिष्क' लाई प्रशोधन गरेर निजी उत्पादनको रूपमा तिनैलाई बेचिन्छ । 'सामान्य बुद्धि' को यस्तो हडप वा लुटपाटको तरिका सधैँ उस्तै हुन्छ ।

सङ्कटको बेला यो तर्क एकदम स्पष्ट हुन्छ । पुँजीले लागत घटाउन र विरोधीसँग प्रतिस्पर्धा गर्न जीवित श्रम (कामदार) लाई मेसिनले विस्थापित गर्छ । तर, जीवित श्रम नै नयाँ मूल्यको स्रोत हो । मेसिनले आफूमा भन्डार गरिएको मूल्य मात्र प्रसार गर्छ । कसरी ? ब्याट्रीले आफूमा भरिएको ऊर्जा खर्च गरेझैँ । ब्याट्रीले आफै विद्युत् पैदा (generate) गर्दैन । जीवित श्रमको दाँजोमा मेसिनको प्रयोग बढ्दै जाँदा संरचनागत रूपमा नाफा पैदा गर्ने क्षमतामा ह्रास आउँछ । यो सङ्कटको बेला पुँजीले समाधान दिन खोज्छ - 'सामान्य बुद्धि' हडप्छ । सामाजिक धनको नयाँ विशाल धनलाई मुठ्ठीमा पार्न खोज्छ र त्यसलाई मुद्रामा फेर्न खोज्छ । तर, उसले समस्यालाई वास्तवमै हल गर्न सक्दैन । निजीकरण गरिएको ज्ञान मेसिनजस्तै मृत श्रम हो । यसले मूल्य त प्रसार गर्ला । तर, आफै मूल्य पैदा गर्दैन ।

आफैले ल्याएको सङ्कटको जवाफमा पुँजीले सङ्कट बल्झाउने काम गर्छ ।

अब फेरि 'सामाजिक मस्तिष्क' मा फर्कौं । तपाईं यही मस्तिष्क लिएर जन्मिनुभएको थियो । भाषा तपाईंले कमाएको होइन । गणित तपाईंले आविष्कार गरेको होइन । यी कुरा त तपाईंले आफू अघिका सबैबाट विरासतमा पाउनुभएको हो । आफू जन्मिनुभन्दा अघिका प्रत्येक शिक्षक, लेखक, चिन्तकबाट पाउनुभएको हो । तिनीहरूले जम्मा गरेको भन्डारबाट पाउनुभएको हो । यो भन्डार हामी सबैको हो, मार्क्सले 'पृथ्वी हामी सबै हो' भनेझैँ । हामी यसका मालिक होइनौँ, बरु यसलाई पछिको पुस्तालाई हस्तान्तरण गर्ने माली वा संरक्षक हौँ ।

'सामान्य बुद्धि' को हडप वास्तवमा यही विरासतको हडप हो । आदिम सञ्चय हुँदादेखि नै सोधिएको प्रश्न यहाँनिर पनि गर्नुपर्ने हुन्छ - यो मेरो हो र मैले पाउनुपर्छ भनेर कसले निर्णय गऱ्यो ?

*(स्रोत : एमआर अनलाइन । सम्यक)*



प्यालेस्टिनमा मानवीय सहायता पुऱ्याएको ग्लोबल सुमुद फ्लोटिलाका एक मुख्य सदस्य ब्राजिलियाली अभियन्ता थियागो एभिला (बिचको) लाई ब्राजिलको साउपाउलोस्थित गौरालहोस अन्तर्राष्ट्रिय विमानस्थलमा पुगेपछि हार्दिकतापूर्वक स्वागत गरिँदै मे ११, २०२६ का दिन ।

*तस्बिर : नेल्शन अल्मेइडा/एएफपी*

# पाकिस्तानमा तीन महिनामा ३७० जनाभन्दा बढी अफगान नागरिक मारिए : राष्ट्रसङ्घ

काबुल, १२ मे (एएफपी) । चालु वर्षको पहिलो तीन महिनामा सरकारी सेना र पाकिस्तानबिचको द्वन्द्वमा कम्तिमा ३७२ जना अफगान नागरिक मारिएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार जनाएको छ ।

सन् २०२१ मा तालिबान सत्तामा फर्किए पछि इस्लामाबाद र काबुलबिचको सम्बन्ध बिग्रिएको जनाइएको छ भने गत फेब्रुअरीमा पाकिस्तानका रक्षामन्त्रीले खुला युद्धको घोषणा गर्नु भएको थियो ।

इस्लामावादले अफगान तालिबान सरकारलाई आतङ्ककारीहरूलाई आश्रय दिएको आरोप लगाएको छ ।

अफगान अधिकारीहरूले पाकिस्तानले शत्रु समूहहरूलाई शरण दिएको र आफ्नो सार्वभौमसत्तालाई सम्मान नगरेको आरोपलाई अस्वीकार गरेका छन् । अफगानिस्तानमा संयुक्त राष्ट्र सहायता मिसन (युएनएएमए) ले सन् २०२६ जनवरी -१ र मार्च ३१ को बिचमा, अफगानिस्तानको सुरक्षा बल र पाकिस्तानी सैन्य बलहरूबिच भएको सीमापार सशस्त्र हिंसामा ३७२ जना नागरिकहरूको मृत्यु हुनुका साथै ३९७ घाइते भएको जनाएको छ ।

रिपोर्टको लिखित जवाफमा इस्लामाबादले यस वर्षको सुरुदेखि १३० जना पाकिस्तानी नागरिक र सुरक्षाकर्मी मारिएको बताएको छ ।

पाकिस्तानको विदेश मन्त्रालयले इस्लामाबादका लागि काबुलका शीर्ष दूतलाई बोलाएर सप्ताहन्तमा १५ जनाको ज्यान गएको बताएको थियो जसमा अधिकांश प्रहरी अधिकारीहरू थिए ।

अफगानिस्तान र पाकिस्तानबिच लामो समयदेखि चलिरहेको सीमापार झडप गत वर्षको अक्टोबरमा झनै चर्किएको थियो, जसमा दर्जनौंको मृत्यु भएको थियो । पछिल्लो तीन महिनाको आँकडा सन् २०११ देखि युएनएएमएद्वारा रेकर्ड गरिएको अवधिको सङ्ख्यामा सबैभन्दा बढी हो ।

रिपोर्टका अनुसार जनवरी १ देखि मार्च ३१ सम्म अफगानिस्तानमा १३ महिला, ४६ बालबालिका र ३१३ पुरुष मारिएका थिए ।

हताहतको प्रमुख कारण हवाई आक्रमण भएको भन्दै राष्ट्रसङ्घले अन्य हातहात सीमापार गोलीबारीबाट भएको उल्लेख गर्दै एक जना अधिकार कर्मीको समेत मृत्यु भएको जनाएको छ ।

तालिबान सरकारले उक्त घटनामा ४०० भन्दा बढी सर्वसाधारणको मृत्यु भएको जनाएको छ ।

प्रतिवेदनमा समावेश गरिएको लिखित प्रतिक्रियामा पाकिस्तानले अस्पताल, लागुऔषध पुन:स्थापना केन्द्र वा नागरिक सुविधालाई लक्षित नगरि कारबाही आतङ्कवादी र सैन्य पूर्वाधारविरुद्ध मात्र निर्देशित भएको जनाएको छ ।

संयुक्त राष्ट्रसङ्घको मिसनले अफगान अधिकारीहरूलाई अस्पतालका भएको आक्रमणमा बेपत्ता भएका व्यक्तिहरूको रेकर्ड सङ्कलन गर्न र उनीहरूका आफन्तहरूलाई खोजीमा सहयोग गर्न आग्रह गरेको छ ।

युएनएएमएले लडाकु पक्षहरूलाई स्वास्थ्य सुविधाहरूलाई लक्षित गर्न आवासीय क्षेत्रमा विस्फोट गर्नबाट टाढा रही अन्तर्राष्ट्रिय कानुनको सम्मान गर्न आह्वान गरेको छ ।

पेइचिङका अनुसार अप्रिलको सुरुमा चीनमा भएको वार्तापछि पाकिस्तान र अफगानिस्तानले तनावबाट बच्न प्रतिबद्ध भएका छन् ।

## पाकिस्तानमा प्रहरीलाई लक्षित गरी गरिएको विस्फोटमा ७ जनाको मृत्यु

इस्लामावाद, १२ मे (सिन्ह्वा) । पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा मङ्गलबार प्रहरीको गाडीलाई लक्षित गरी गरिएको बम विस्फोटमा दुई जना प्रहरीसहित सात जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार यो घटना लक्की मारवत जिल्लामा भएको थियो । उक्त क्षेत्रमा नियमित गस्ती गर्ने क्रममा रहेको प्रहरीको गाडीलाई निशाना बनाएर विस्फोट भएको स्रोतले नाम न छाप्ने सर्तमा बताएको सिन्हवाले बताइएको छ ।

विस्फोट भीडभाडयुक्त बजार क्षेत्रमा भएकाले आक्रमण स्थलमा ठूलो सङ्ख्यामा नागरिकहरू प्रभावित भएको स्रोतले जनाएको छ ।

अनुसन्धानका लागि उक्त क्षेत्रलाई घेराबन्दी गरिएको जनाइएको छ भने, विस्फोटपछि बम डिस्पोजल टोली घटनास्थलमा पुगेर विस्फोटको प्रकृति निर्धारण भइरहेको छ ।

घाइतेहरूलाई उपचारको लागि नजिकैको अस्पतालमा लगिएको जनाइएको छ भने अहिलेसम्म कुनै समूहले आक्रमणको दाबी गरेको छैन ।

## इरानमाथि फेरि आक्रमण भए युरेनियम प्रशोधनलाई अघि बढाइने : इरान

तेहरान, १२ मे (सिन्ह्वा) । इरानमाथि फेरि आक्रमण भएमा युरेनियमलाई ९० प्रतिशत शुद्धतामा प्रशोधन गर्नेतर्फ कदम चाल्नुको विकल्प नहुने इरानी अधिकारीले बताएका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टन



र तेहरानबिचको युद्धविरामलाई 'व्यापक जीवनको क्षति हुनबाट जोगाउने' कदम बताएपछि इरानी संसदको राष्ट्रिय सुरक्षा तथा विदेश नीति समितिका प्रवक्ता इब्राहिम रेजाइले उक्त टिप्पणी गर्नुभएको हो ।

"अर्को आक्रमण भएको खण्डमा इरानको विकल्पहरूमध्ये एक ९० प्रतिशत (युरेनियम) संवर्धन हुन सक्छ । हामी संसदमा यसको समीक्षा गर्नेछौं," रेजाइले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ ।

इरानको आणविक ऊर्जा सङ्गठनका प्रमुख मोहम्मद इस्लामीले सोमबार देशको आणविक प्रविधि र युरेनियम संवर्द्धनमा कुनै सम्झौता गर्न नसकिने बताउनुभएको थियो ।

फेब्रुअरी २८ मा तेहरान र अन्य इरानी सहरहरूमा अमेरिका-इजरायलको संयुक्त आक्रमणबाट सुरु भएको ४० दिनको लडाइँपछि इरान, संयुक्त राज्य अमेरिका र इजरायलले अप्रिल ८ देखि युद्धविराम घोषणा गरेका छन् ।

युद्धविरामपछि इरानी र अमेरिकी प्रतिनिधिमण्डलहरूले अप्रिल ११ र १२ मा पाकिस्तानको राजधानी इस्लामाबादमा एक चरणको शान्ति वार्ता गरेका थिए, तर त्यसमा सहमति हुन सकेन ।

विगतमा दुई पक्षहरूले पाकिस्तानको मध्यस्थतामा द्वन्द्व अन्त्य गर्नका लागि सर्तहरू प्रस्तुत गर्दै धेरै प्रस्तावित योजनाहरू आदानप्रदान गरेका छन् । अमेरिकी राष्ट्रपतिले युद्ध अन्त्य गर्न प्रस्ताव गरेको पछिल्लो सन्देशमा इरानले आइतबार प्रतिक्रिया दिएको थियो र ट्रम्पले यसलाई 'पूर्ण रूपमा अस्वीकार्य' भन्नुभएको थियो ।

## विश्व सङ्क्षेप

### हान्टाभाइरस-प्रभावित क्रूज जहाज नेदरल्यान्डमा अवतरण

आइन्डोभन (नेदरल्याण्ड), १२ मे (सिन्ह्वा) । हान्टा भाइरसबाट प्रभावित क्रूज जहाज एमभी होन्डियसमा सवार यात्रु र चालक दलका सदस्य बोकेका दुई वटा उडानहरू मङ्गलबार नेदरल्यान्ड्सको आइन्डहोभेन सैन्य एअरपोर्टमा अवतरण गरेको जनाइएको छ ।

विदेश मन्त्रालयका अनुसार अष्ट्रेलियाली अधिकारीहरूद्वारा सञ्चालित पहिलो उडानमा छ जना यात्रुहरू थिए भने, दोस्रो, उडानले लक्जरी क्रूज जहाजबाट २२ जना चालक दलका सदस्यहरू ल्याएको जनाइएको छ । जसमा एक जना डच नागरिक र अन्य २१ जना अन्य राष्ट्रका नागरिक थिए ।

पहिलो जहाज लगभग रातीको १२:३० मा अवतरण भएको जनाइएको छ भने यस विमानका छ जना यात्रुहरू अस्ट्रेलिया जाने अपेक्षा गरिएको छ । दोस्रो उडान लगभग १५ मिनेटपछि अवतरण भएको जनाइएको छ ।

सार्वजनिक स्वास्थ्य र वातावरणका लागि डच राष्ट्रिय संस्थानले स्वदेश फर्केका सबै यात्रुहरूको पूर्ण मेडिकल स्क्रिनिङ गरिने बताएको छ भने प्रयोगशाला परीक्षणका लागि विमानस्थलमा सबै आगन्तुकबाट नमुना सङ्कलन गरिनेछ ।

तुरुन्तै घर फर्कन नसक्ने अवस्थामा रहेका चालक दलका सदस्य र विदेशी यात्रुहरूका लागि होटलको व्यवस्था गरिएको एजेन्सीले जनाएको छ ।

यसैबिच, एमभी होन्डियसको डच अपरेटर ओसनवाइड एक्सपिडिशनले विज्ञप्ति जारी गर्दै जहाज स्पेनको टेनेरिफ टापुबाट नेदरल्यान्ड्सको रोटरडामतर्फको यात्रा गरिरहेको जनाइएको छ । जहाजले यात्रा पूरा गर्न लगभग छ दिन लाग्ने अपेक्षा गरिएको छ भने आइतबारका लागि अस्थायी आगमन निर्धारित गरिएको छ ।

### लेबनानमा इजरायली आक्रमण ६ जनाको मृत्यु : मिडिया

बेरुत (लेबनान), १२ मे (एएफपी) । युद्धविराम सम्झौताको बाबजुद दक्षिणी लेबनानमा भएको इजरायली आक्रमणमा छ जनाको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएको सरकारी मिडियाले जनाएको छ ।

लेबनानको राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले सोमबार राति भएको इजरायली आक्रमणले राजधानी बेरुतबाट ९५ किलोमिटर टाढाको सहर कफर डोनिनको एउटा घरमा प्रहार गरेको रिपोर्ट गरेको छ ।

घाइतेहरूलाई उपचारको लागि तटीय सहर टायरको अस्पतालमा लगिएको एनएनएले जनाएको छ ।

इजरायल र लेबनानबिच अप्रिल -१७ मा युद्धविराम भएको भए पनि इजरायलले दक्षिण लेबनानमा आफ्नो आक्रमणलाई तीव्र बनाएको जनाइएको छ । स्वास्थ्य अधिकारीहरूका अनुसार लेबनान गत मार्च -२ मा मध्यपूर्व युद्धमा तानिएपछि दुई हजार ८०० भन्दा बढी मानिस मारिएका छन् ।

लेबनानी नेताहरूले हाल बेरुतका लागि अमेरिकी राजदूतलाई इजरायललाई युद्धविरामको समयमा आक्रमण रोक्न दबाब दिन आग्रह गरेका छन् भने इजरायलले पनि गोली हानाहान भएको रिपोर्ट गरेको छ ।

इजरायली सेनाले सप्ताहन्तको समयमा लेबनानसँगको सीमा नजिकैको लडाइँमा आफ्नो एक जना सैनिक मारिएको उल्लेख गर्दै युद्ध सुरु भएदेखि १८ जना सैनिक र एक जना नागरिकको मृत्यु भएको बताएको छ ।

यसैबिच मङ्गलबार एनएनएले अन्य दक्षिणी लेबनानी सहरहरूमा पनि नजिकै इजरायली आक्रमण भएको रिपोर्ट गरेको छ भने इजरायली सेनाले पूर्वी लेबनानको बेका उपत्यकाको सोहमोर सहर खाली गर्न आदेश दिएको छ ।

### मलेसियामा डुङ्गा डुब्दा १४ जना बेपत्ता

मलेसिया कोलालम्पुर, १२ मे (एएफपी) । मलेसियाको पश्चिमी तटमा रहेको पाङ्कोर टापुमा इन्डोनेसियाका ३७ जना कागजातविहीन आप्रवासी बोकेको डुङ्गा डुब्दा १४ जना बेपत्ता भएको अधिकारीहरूले बताएका छन् ।

पेराकमा स्थित मलेसियन मेरिटाइम एन्फोर्समेन्ट एजेन्सी (एमएमइए) ले सोमबार एक जना स्थानीय माझीले समुद्रमा जीवित व्यक्तिहरू तैरिरहेको भेटेर सूचना गरेपछि घटनाको आशङ्का गरी उद्धार प्रयास गरिएको बताएको छ ।

प्रारम्भिक अनुसन्धानले डुङ्गामा सवार ३७ जनामध्ये २३ जना पीडितलाई उद्धार गरिएको जनाएको छ भने बाँकी व्यक्तिहरू पत्ता लगाउने प्रयास जारी छ । पेराक एमएमइएका निर्देशक मोहम्मद शुकरी खोटोवले विज्ञप्ति जारी गर्दै प्रारम्भिक अनुसन्धानले आप्रवासीहरू मे -९ मा इन्डोनेसियाको किसरनबाट पेनाङ, तेरेङ्गानु, सेलान्गोर र क्वालालम्पुरलगायत मलेसियाका अन्य गन्तव्यहरूतर्फ हिँडेको उल्लेख गर्नुभएको छ ।

एजेन्सीले बेपत्ता व्यक्तिहरूको खोजी गर्न डुङ्गा, हेलिकप्टर तथा विमान तैनाथ गरेको उहाँले बताउनुभएको छ । उद्धार गरिएका व्यक्तिलाई थप अनुसन्धानका लागि प्रहरीलाई बुझाएको जनाएको छ ।

मलेसिया एसियाका गरिब भागहरूबाट आएका लाखौं आप्रवासीहरूको मुख्य गन्तव्य हो, जसमध्ये धेरैजना कागजातविहीन छन् जसले निर्माण र कृषिलगायत उद्योगहरूमा काम गरिरहेको जनाइएको छ ।

यद्यपि, मानव बेचबिखनको अखडा बनाइएका सिमाहरूमा प्राय: खतरनाक हुने गरेको र जसले गर्दा डुङ्गाहरू डुब्ने गरेको बताएको छ ।

यसअघि सन् २०२५ नोभेम्बर मा थाई-मलेसियन तटनजिकै अनियमित आप्रवासी बोकेको डुङ्गा पल्टिँदा ३६ जना आप्रवासीहरूको मृत्यु भएको थियो ।

# इरानविरुद्ध युद्धको अन्त्य अमेरिका पछि हटे रोकिने छ

✍ जेफ्री जाक्स र शिबिल फारेस

*(अमेरिकी साम्राज्यलाई स्वीकार्य वित्तीय, सैन्य र राजनीतिक मूल्यमा इरानविरुद्धको युद्ध जित्न सकिने छैन ।)*


अमेरिका र इजरायलले फेब्रुअरी २८, २०२६ मा सुरु गरेको इरानविरुद्धको युद्ध सम्भवतः अमेरिका पछि हटे रोक्नेछ । विनाशकारी परिणाम सिर्जना नगरी संरा अमेरिकाले युद्ध जारी राख्न सक्दैन । नयाँ तनाव चर्किए यस क्षेत्रको तेल, ग्यास र डिसेलिनेसन पूर्वाधारको विनाश हुने सम्भावना छ, जसले गर्दा लामो समयसम्म विश्वव्यापी प्रकोप निम्त्याउनेछ । इरानले विश्वसनीय रूपमा अमेरिकाले वहन गर्न नसक्ने र विश्वले भोग्नु नपर्ने मूल्य चुकाउन सक्छ ।

अमेरिका-इजरायल युद्ध योजना एक शिरच्छेदन हमला (डिक्यापिटेसन् स्ट्राइक) थियो, जुन प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र मोसादका निर्देशक डेभिड बार्नियाले राष्ट्रपति डोनाल्ड ट्रम्पलाई विश्वस्त पारेका थिए । अमेरिका-इजरायली संयुक्त आक्रामक बमबारी अभियानले इरानी शासनको कमाण्ड संरचना, आणविक कार्यक्रम र आईआरजीसीको वरिष्ठ नेतृत्वलाई यति कमजोर बनाउनेछ कि शासन टुक्रिनेछ । त्यसपछि संयुक्त राज्य अमेरिका र इजरायलले तेहरानमा एउटा लचिलो सरकार कायम गर्नेछन् ।

ट्रम्प यस कुरामा विश्वस्त भएको देखिन्छ कि इरान अभियानले भेनेजुयलामा जस्तै बाटो अपनाउनेछ । जनवरी २०२६ मा भेनेजुयलामा गरिएको अमेरिकी कारबाहीले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोलाई हटायो, जुन सीआईए र भेनेजुयला राज्यभित्रका तत्त्वहरूबिचको समन्वयित कारबाहीजस्तो देखिन्छ । अमेरिकाले अझ बढी लचिलो शासन पायो, जबकि भेनेजुयलाको अधिकांश शक्ति संरचना यथावत रह्यो । ट्रम्पले इरानमा पनि त्यस्तै परिणाम आउनेछ भनेर अपरिपक्व रूपले बुझे ।

यद्यपि, इरान-अपरेसनले तेहरानमा एक लचिलो शासन सिर्जना गर्न असफल रह्यो । ऐतिहासिक, प्राविधिक, सांस्कृतिक, भौगोलिक, सैन्य, जनसाङ्ख्यिक वा भूराजनीतिक रूपमा इरान भेनेजुयला होइन । काराकासमा जे भयो त्यसको तेहरानमा हुने घटनासँग थोरै मात्र सम्बन्ध थियो ।

इरानी सरकार टुक्रिएन । इस्लामिक रिभोलुसनरी गार्ड कोर (आईआरजीसी) नेतृत्वविहीन हुनु त टाढाको कुरा, झन् कडा आन्तरिक कमाण्ड र राष्ट्रिय सुरक्षा संरचनामा विस्तारित भूमिकाको साथ देखापर्‍यो । सर्वोच्च नेताको कार्यालय यथास्थितिमै छ; धार्मिक प्रतिष्ठानले यसको पछाडि पङ्क्तिबद्ध भयो; आम जनता बाह्य आक्रमणको विरुद्धमा जुटे ।







**इरानको तेहरानको एउटा सडकमा अमेरिकाविरोधी भित्तेचित्रको छेउमा एक इरानी हिँड्दै, ०४ मे २०२६ (आबेदिन ताहेरकेनारे/एपिये)**

दुई महिना बितिसक्दा पनि, ट्रम्प र नेतन्याहुको नियन्त्रणमा कुनै इरानी उत्तराधिकारी सरकार छैन, युद्ध समाप्त गर्न कुनै पनि इरानी आत्मसमर्पण आएको छैन र विजयको लागि कुनै सैन्य मार्ग छैन । एक मात्र बाटो, जुन अमेरिकाले लिइरहेको देखिन्छ, पछि हट्नु हो, हर्मुज जलडमरूको जिम्मेवारी इरानसँग छ भने अमेरिका र इरानबिचको अन्य कुनै पनि मुद्दा समाधान भएको छैन ।

अमेरिकाको विनाशकारी गलत रणनीति र इरानको सफलताका धेरै कारणहरू छन् ।

पहिलो, अमेरिकी नेताहरूले इरानलाई मौलिक रूपमा गलत बुझे । इरान पाँच हजार वर्षको इतिहास, गहिरो संस्कृति, राष्ट्रिय लचिलोपन र गौरव भएको एक महान् सभ्यता हो । इरानी सरकार अमेरिकी धम्की र बमबारीसामु झुक्नेवाला थिएन, विशेषगरी त्यो तथ्यलाई सम्झँदै फर्केर हेर्दा कि सन् १९५३ मा अमेरिकाले प्रजातान्त्रिक रूपमा निर्वाचित सरकारलाई अपदस्थ गरेर र २७ वर्षसम्म चलेको प्रहरी-राज्य स्थापना गरेर इरानी लोकतन्त्रलाई कसरी ध्वस्त पारेको थियो ।

दोस्रो, अमेरिकी नेताहरूले इरानको प्राविधिक परिष्कारलाई नाटकीय रूपमा कम आकलन गरे । इरानमा विश्वस्तरीय इन्जिनियरिङ र गणित छ । इरानले उन्नत ब्यालिस्टिक मिसाइलसहितको स्वदेशी रक्षा औद्योगिक आधार निर्माण गरेको छ, स्वदेशी ड्रोन उद्योग र स्वदेशी कक्षीय प्रक्षेपण क्षमता पनि । ४० वर्षदेखि बढ्दो प्रतिबन्धहरूको बाबजुद पनि इरानको प्राविधिक विकासको रेकर्ड एक आश्चर्यजनक राष्ट्रिय उपलब्धि हो ।

तेस्रो, सैन्य प्रविधि इरानको पक्षमा जाने तरिकाले परिवर्तन भएको छ । इरानको ब्यालिस्टिक क्षेप्यास्त्रको मूल्य उनीहरूविरुद्ध तैनाथ गरिएका अमेरिकी इन्टरसेप्टरहरूको तुलनामा थोरै अंशमात्र पर्छ । इरानी ड्रोनको मूल्य २० हजार डलर पर्छ भने अमेरिकी वायु-रक्षा इन्टरसेप्टर मिसाइलहरूको मूल्य ४० लाख । इरानको एन्टी-सिप मिसाइलहरू, जसको लागत छ अङ्कमा मात्र छ, २-३ अर्ब डलर लागत भएका अमेरिकी डिस्ट्रोयरहरूलाई खतरामा पार्छ । इरानको पहुँच खाडी वरिपरिको निषेधित-क्षेत्र नेटवर्क, तहबद्ध हवाई रक्षा, ड्रोन र मिसाइल संतृप्ति क्षमता र जलडमरूमा समुद्री-निषेध क्षमताले इरानमाथि अमेरिकी हैकम थोपार्ने सञ्चालन-लागत संयुक्त राज्य अमेरिकाले धान्न सक्नेभन्दा धेरै उच्च बनाएको छ; विशेषगरी इरानले छिमेकी देशहरूमाथि लाद्न सक्ने प्रतिशोधात्मक विनाशलाई ध्यानमा राख्दै ।

चौथो, अमेरिकी नीति प्रक्रिया तर्कहीन भएको छ । इरान युद्धको निर्णय मार-ए-लागोमा राष्ट्रपतिका वफादारहरूको सानो सर्कलले गरेको थियो; कुनै औपचारिक अन्तर-एजेन्सी प्रक्रिया बेगर र अघिल्लो वर्ष खोक्रो पारिएको राष्ट्रिय सुरक्षा परिषद् उपस्थितिबिना । ट्रम्पको राष्ट्रिय आतङ्कवाद प्रतिरोध केन्द्रका निर्देशक जो केन्टले मार्च १७ मा सार्वजनिक पत्रसहित राजीनामा दिए ।

यो न त आवश्यकताको युद्ध थियो, न त रोजाइको युद्ध । यो लहडको युद्ध थियो । यसको मूल आधार प्रभुत्व थियो । संयुक्त राज्य अमेरिकाले विश्वव्यापी प्रभुत्व कायम राख्ने प्रयास गरिरहेको थियो जुन अब उसको हातमा छैन र इजरायलले क्षेत्रीय प्रभुत्व स्थापित गर्ने प्रयास गरिरहेको थियो जुन कहिल्यै हुनेछैन ।

यी सबै कुरालाई ध्यानमा राख्दै, सम्भावित अन्त्य यो हो कि युद्ध सम्भवतः पहिलेको यथास्थितिको नजिक फर्किएर समाप्त हुनेछ; भूमिमा स्थापित तीन नयाँ तथ्यहरूबाहेक । पहिलो, इरानको हातमा हर्मुज जलडमरूको सञ्चालनात्मक नियन्त्रण हुनेछ । दोस्रो, इरानको प्रतिरोधात्मक क्षमता उल्लेखनीय रूपमा बढ्नेछ । तेस्रो, खाडीमा अमेरिकाको दीर्घकालीन सैन्य उपस्थिति उल्लेखनीय रूपमा घट्नेछ । अमेरिकालाई इरानमाथि आक्रमण गर्न प्रेरित गर्ने अन्य मुद्दाहरू - इरानको आणविक कार्यक्रम, क्षेत्रीय प्रोक्सीहरू, क्षेप्यास्त्र हतियार - सम्भवतः युद्धको सुरुवातमा जहाँ थिए त्यहीँ छोडिनेछन् ।

अमेरिका पछि हटे पनि, इरानले आफ्ना छिमेकीहरूविरुद्ध आफ्नो फाइदा उठाउने छैन । तीन कारणले यसको कारण बताउँछ । पहिलो, इरानको आफ्ना खाडी छिमेकीहरूसँगको सहकार्यमा दीर्घकालीन रणनीतिक स्वार्थ छ, चलिरहेको युद्धमा होइन । दोस्रो, इरानलाई भर्खरै सफलतापूर्वक समाप्त भएको युद्ध पुनः सुरु गर्ने कुनै चासो हुनेछैन । तेस्रो, यदि कुनै संयम आवश्यक परेमा, इरानलाई यसका महाशक्ति संरक्षकहरू, रूस र चीनले संयमित गर्नेछन्, जो दुवै स्थिर र समृद्ध मध्य-पूर्व चाहन्छन् । इरानी नेतृत्वले यो कुरा स्पष्ट रूपमा बुझेको छ र लडाइँ रोक्नेछ ।

ट्रम्पले निस्सन्देह आउँदै गरेको सैन्य फिर्तीलाई कुनै ठूलो सैन्य र रणनीतिक विजयको रूपमा चित्रण गर्ने प्रयास गर्नेछन् । त्यस्ता कुनै पनि दाबीहरू सत्य हुनेछैनन् । सत्य यो हो कि इरान संयुक्त राज्य अमेरिकाले बुझेको भन्दा धेरै परिष्कृत छ; युद्धमा जाने निर्णय तर्कहीन थियो; र युद्धको अन्तर्निहित प्रविधि अमेरिकाविरुद्धमा सरेको छ । अमेरिकी साम्राज्यले स्वीकार्य आर्थिक, सैन्य र राजनीतिक मूल्य चुकाएर इरानविरुद्धको युद्ध जित्न सक्दैन । यद्यपि, अमेरिकाले के प्राप्त गर्न सक्छ भने त्यो केही हदसम्म तर्कसङ्गतता हो । अमेरिकाले आफ्नो शासन-परिवर्तन कार्यहरू समाप्त गर्न र अन्तर्राष्ट्रिय कानुन र कूटनीतिमा फर्कने समय आएको छ ।

# भेरी नदीमा छ वटा पुलको काम अझै अलपत्र

**- हेमन्त केसी**

काँक्रेविहार (सुर्खेत), २९ वैशाख । सन् २०१९ नोभेम्बर ७ मा नेपाली सेनाले जाजरकोट डोल्पा सडकखण्डको ११८ किलोमिटरमध्ये १०३ किलोमिटर सडकको ट्र्याक खालेर सडक डिभिजन चौरजहारीलाई एक औपचारिक कार्यक्रमका साथ छलगाडको किनारमा हस्तान्तरण गरेको थियो ।

सोही खण्डमा बाँकी रहेका १४ पुल निर्माण गर्नका लागि राष्ट्रिय योजनाले अर्थ मन्त्रालयले मागेको सहमति दिएको छ । सडक हस्तान्तरण गरेको सात वर्षपछि यो सडक खण्डको ५६ किमि कालोपत्रेको काम अन्तिम चरणमा पुगेको छ । बाँकी ठाउँमा काम गर्न ठेक्का लागे पनि काम अझै सुरु भएको छैन ।

जाजरकोटको नलगाड-१२ बाट डोल्पाको दुनैसम्मको ६२ किलोमिटर निर्माण बाँकी रहेका १४ वटा पुल निर्माण गर्न योजना आयोगले सहमति दिएको छ । यही सडक खण्डको जाजरकोटको तल्लुदेखि डोल्पाको सदरमुकाम दुनैसम्म १४ वटा पुल निर्माण गर्नुपर्ने भन्दै लामो समयदेखि फाइल मन्त्रालय हुँदै योजना आयोग पुगेको थियो । स्रोत सुनिश्चित भएसँगै अब अन्य कामहरू सुरु हुने योजना प्रमुख नरेश केशरीले जानकारी दिनुभयो । तीस मिटरभन्दा कमको पुलको डिजाइन स्वीकृत सङ्घीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय सुर्खेतले गर्दछ । त्योभन्दा माथिको लागि माथिल्लो निकायमा पठाउने गरिन्छ ।

भेरी कोरिडोरभित्रका फूलबारीखोला पुल, चिसापानीखोला पुल, खहरेखोला, घट्टेखोला, मनकाखोला, रिजिगार, उसुमखोला, कर्पगाड, खदाङ, खदाङभेरी पुल, चुँगाड, त्रिपुराकोट, गल्ली गाड, खोरखोलामा पुल निर्माण गर्न सहमति दिइएको हो तर यही सडकखण्डमा छ वर्षदेखि पाँचवटा पक्की पुल अलपत्र पर्दै आएका छन् ।

हाल यो सडकखण्डको नामकरण भेरी कोरिडोर सडक योजना राखिएको छ । यो कोरिडोरको कुल लम्बाइ ३१० किमि रहेको छ । जाजरकोट खलङ्गाको पासँगाडदेखि नलगाड नगरपालिका-१२ तल्लुसम्म कालोपत्रेको काम यति बिल्डुसमार्फत भइरहेको छ ।

सुर्खेतबाट डोल्पाको अन्तिम विन्दुअर्थात् नेपालको चीनको सिमाना मरिमसम्म ३१० किमि रहेको भेरी कोरिडोर सडक योजना हाल जाजरकोटको अन्तिम बिन्दु तल्लुसम्म काम भइरहेको छ । सुर्खेत, सल्यान, जाजरकोट, रुकुम पश्चिम र डोल्पाको अन्तिम बिन्दु मरिम अर्थात् चीनको सिमानासम्म पुगेर यो सडक पूरा हुन्छ । भारत, नेपाल र चीन जोड्ने सबैभन्दा छोटो मार्गका रूपमा रहेको योजना प्रमुख केसरीले बताउनुभयो ।

**कहाँकहाँ अलपत्र छन् त पुल ?**

भेरी कोरिडोरमा (जाजरकोट-डोल्पा) छ वर्षदेखि अलपत्र परेका पुल कहिले निर्माण हुने हो कुनै अत्तोपत्तो छैन । छ वर्षअगाडि लागेको पक्की पुलको ठेक्काको काम नहुँदा यस क्षेत्रका नेताले आलोचित हुनुपरेको छ । भेरी कोरिडोर जाजरकोट-डोल्पाको दुनै सडकखण्डको ११८ किमि सडकखण्डको ५६ किमिभित्र सडक कालोपत्रेको काम अन्तिम चरणमा पुऱ्याएपछि सँगसँगै लागेको पुलको ठेक्का भने कुनै काम भएको छैन । योजना प्रमुख केशरीका अनुसार पाँचमध्ये तीन वटा अर्कोलाई निर्माण गर्न दिइने र बाँकी दुई क्याराभानले नै निर्माण अन्तिम सहमति हुन लागेको बताउनुभयो ।

उक्त क्याराभान हिराचन जेभीले २०७७ माघ २ गते जाजरकोटको नलगाड नगरपालिकाको नलगाड खोला, भुर्मेखोलाको पक्की पुलको ठेक्का लिएको थियो । यो रु. १८ करोड ४३ लाख ४३ हजारमा ठेक्का लिइएको थियो । त्यस्तै उक्त जेभीले सोही मितिमा भेरी कोरिडोरकै जाजरकोटको नलगाड नगरपालिका-९ को त्रात्रखोला, वडा-८ को मैदेखोला, वडा-११ को ताक्सुगाड चौखामा ठेक्का लिएको थियो । यो दोस्रो ठेक्का रु. १३ करोड ५४ लाखमा यो ठेक्का सम्झौता भएको थियो ।

यी पुलहरू भेरी कोरिडोरका लाइफलाइनका रूपमा रहेका छन् । त्यस्तै नलगाड नगरपालिका-१२ को तल्लुस्थित भेरी नदीको पुल र डोल्पा त्रिपुरासुन्दरी नगरपालिका-१ छलगाडको पुल निर्माण कार्य सुरु भएको छ । खदाङको पुल विवादका कारण अझै सुरु हुन सकेको छैन । एपपी एमआरपी पुलचोक जेभीले ठेक्का लिएको छ । रुकुम पश्चिमको आठबीसकोटको पिपलचौरस्थित छहरेखोला र जाजरकोट भेरी नगरपालिका-१ पिपे खोलाको पुलको काम करिब पूरा भएको छ ।

हाल नेपालगन्ज, सुर्खेत तथा काठमाडौँबाट सिधै डोल्पाको सदरमुकाममा यातायातका साधन पुग्ने गरेका छन् । जाजरकोटको तल्लुसम्म कालोपत्रे गरेको सडकमा र बाँकी रुकुम पश्चिम हुँदै डोल्पाको सदरमुकामसम्म नेपाली सेनाले निर्माण गरेको कच्ची सडकमा गुड्दै डोल्पाको सदरमुकाम दुनैसम्म सवारीसाधन पुग्ने गर्छन् । पछिल्लो समय डोल्पामा रहेका पर्यटकीयस्थलको भ्रमणमा जाने पर्यटकको चाप ठूलो मात्रामा रहेको पाइन्छ ।

जाजरकोटको तल्लुदेखि डोल्पाको त्रिरूपाकोटसम्मको सडकमा कालोपत्रे गर्नका लागि ठेक्का लागेको दुई ठेक्कामा एउटाको काम सुरु भए पनि अर्को अझै सुरु हुन सकेको छैन । योजना प्रमुख केशरीले दिएको जानकारीअनुसार रु. ७४ करोडमा उक्त ठेक्का लागेको छ । क्याब निर्माण, जावलाखेलले ठेक्का पाएको छ । बयालीस किमि सडकमा कालोपत्रे गर्नका लागि ठेक्का लागेको हो । बाँकी छलगाडबाट मरिमसम्म १२० किमि सडक रहेको छ । बयालीस किमि कालोपत्र गर्नका लागि गत असोज २ गते सम्झौता भएको छ भने २०८५ असोज १ गतेसम्म काम सम्पन्न गर्नुपर्ने हुन्छ ।

**दुनै-लासिक्याप सडकखण्ड निर्माणमा ढिलाइ**

भेरी कोरिडोरकै डोल्पाको सदरमुकाम दुनै-लासिक्याप खण्डमा ठेक्काको काम भइरहेको छ । दुनै-लासिक्याप खण्डमा काम नहुँदा सोभन्दा माथिको सडक निर्माणमा बाधा पुगेको भन्दै आलोचना चर्को भएपछि कामले गति लिएको हो । डोल्पाको सदरमुकामबाट माथिल्लो डोल्पाको मरिमसम्मको १०० किमिमध्ये २५ किमि कच्ची सडक कटान गर्नुपर्ने छ ।

दुनै-लासिक्याप खण्डको काम छिटो भएमा सोभन्दा माथिल्लो भागमा नेपाली सेनाले जिम्मेवारी लिएको छ । अहिले २५ किमि सडकखण्डभित्र कटानको कामलाई तीव्रता दिइएको छ । माथिल्लो डोल्पाको भागमा पर्ने लासिक्याप-मरिम ७५ किमिमध्ये नेपाली सेनाले ४० किमि कटानको काम गरिसकेको आयोजनाले जनाएको छ ।

दुनै-लासिक्याप खण्ड निर्माण सम्पन्न गर्ने सूर्य-श्रेया-शान्ति देवी जेभीको म्याद २०८२ पुस १६ गतेसम्म म्याद थियो । २०७८ चैत १७ गते निर्माण कम्पनीसँग सम्झौता भएको थियो । तल्लो सडक निर्माण नगरी माथिल्लो खण्ड निर्माणमा सेनाले आवश्यक उपकरण लिन नसक्ने भएकाले तल्लो खण्डको काम छिटो सक्नुपर्ने बाध्यता रहेको छ ।

सेनाले निर्माण गर्ने खण्डभन्दा दुनैबाट लासिक्यामअन्तर्गतको सडक यथाशीघ्र निर्माण भएमा माथिल्लो सडक निर्माण गर्न सहज हुने पूर्वमन्त्री धनबहादुर बुढाले बताउनुभयो । भेरी कोरिडोर नामकरण गरेर राष्ट्रिय प्राथमिकतामा राख्नुका साथै त्रिदेशीय पारवहन सेवामा सजिलो हुने भएकाले छिन्चु-जाजरकोट-डोल्पा त्रिदेशीय मार्गलाई महत्त्वका साथ हेरिएको उहाँको भनाइ छ ।

नेपाली सेनाले भेरी कोरिडोरअन्तर्गतका जाजरकोट-डोल्पा सडक निर्माण २०६५ सालमा सुरु गरेको थियो । ट्र्याक खुलेसँगै सेनाले ११८ किमि सडक २०७६ सालमा भौतिक पूर्वाधार मन्त्रालयलाई हस्तान्तरण गरिसकेको छ । दुनैबाट चीनको सिमामा रहेको मरिम नाकासम्मको एक सय किमिमध्ये नेपालतर्फ ४० किमि निर्माण भइसकेको छ भने दुनैबाट धोसम्म निर्माण हुन बाँकी छ ।

देशको उत्तरी सीमासँग जोडिएको माथिल्लो डोल्पाका तीन गाउँपालिकाका नागरिकलाई नेपालतर्फ सडक सुविधा नहुँदा जिल्ला सदरमुकाम दुनैसम्म पुग्न हप्ता दिनसम्म पैदलयात्रा गर्नुपर्ने बाध्यता छ । दुनैबाट धोसम्मको ५० किमि खण्डमा पर्ने चट्टान विस्फोट गराउनुपर्ने आयोजनाको भनाइ छ । डोल्पा जडीबुटीको भण्डार भएकाले त्रिदेशीय मार्ग निर्माण भएपछि कर्णाली प्रदेशसहित मुलुकको आर्थिकस्तर वृद्धि हुने अपेक्षा लिइएको छ । **रासस**

***निर्वाचन...***

उहाँले सोह्र वर्ष उमेर पुगेकाले नेपाली नागरिकताको प्रमाणपत्र पाउने, योग्यताअनुसार रोजगारी पाउने, पैतृक सम्पत्तिसमेतमा हक पाउने हुँदा उनीहरूलाई मतदानको अधिकार दिनुपर्नेमा जोड दिनुभयो ।

सचिव सुवालले समानुपातिकमा निर्वाचित हुन प्रतिनिधिसभामा तीन प्रतिशत समानुपातिक मत र प्रदेशसभामा एक दशमलव पाँच प्रतिशत समानुपातिक मत प्राप्त गर्नुपर्ने विधेयकको प्रावधान निर्दलीय पञ्चायती व्यवस्था उन्मुख भएको हुँदा सो प्रावधान हटाई बहुदलीय व्यवस्थाको प्रत्याभूत गर्नु आवश्यक रहेको उल्लेख गर्नुभयो ।

सचिव सुवालले भदौ २३ गतेको हत्या र भदौ २४ गतेको आगजनी घटनाबारे छानबिन आयोगको प्रतिवेदन फागुन २१ को निर्वाचन अगाडि नै सार्वजनिक गराई दोषीलाई उम्मेदवार हुन नपाउने व्यवस्था गर्न आयोग चुकेको उल्लेख गर्नुभयो ।

उहाँले मतदाता साक्षर भएर नपुग्ने र शिक्षित नै हुनु जरुरी रहेको र विद्युतीय मतदानको लागि विदेशको भर पर्न नपर्ने गरी नेपालका इन्जिनियरिङ कलेजहरूलाई उपकरण बनाउन दिनुपर्नेमा जोड दिनुभयो ।

"चुनाव प्रचारको समय कम्तीमा एक महिना राख्नु आवश्यक छ । निर्वाचन प्रचार राजनीतिक चेतना दिने अभियान हो । यसकारण, दुर्गम जिल्लामा प्रचारको समय अझ थप्नु जरुरी हुन्छ" सचिव सुवालले जोड दिनुभयो ।

छलफलमा रास्वपाका प्रतिनिधि रामकुमार ढुङ्गानाले विदेश र देशभित्रसमेत डिजिटल मतदान गराउनुपर्नेमा जोड दिनुभयो ।

नेकाका योगेन्द्र चौधरीले निर्वाचन आयोगबाट उम्मेदवार र पार्टीको निर्वाचन खर्च अनुगमन हुनुपर्ने, समानुपातिकतर्फ धनाढ्य र सम्भ्रान्त निर्वाचित हुने अवस्था अन्त्य हुनुपर्ने र एकजनामात्र छनौट गर्नुपर्दा खस आर्य समूहबाटै गर्नुपर्ने अवस्था अन्त्य हुनुपर्नेमा जोड दिनुभयो ।

एमालेका निरज आचार्यले संविधान संशोधनपछि विधेयक अघि बढाउनुपर्ने उल्लेख गर्नुभयो ।

नेकपाका मुक्ति प्रधानले प्रत्यक्ष निर्वाचनमा महोत्तरीबाट रास्वपाका उम्मेदवार कालोसूचीमा परेर खारेजीमा पर्‍यो तर मतपत्रमा चुनाव चिह्न घण्टी नहटाइँदा पहिलो स्थानमा उनको मत पुगे पनि खेर गएको उल्लेख गर्नुभयो ।

श्रम संस्कृति पार्टीका समीर तामाङले दुर्गम जिल्लाको लागि प्रचार समय १५ दिन पर्याप्त नभएको उल्लेख गर्नुभयो ।

राजमोका मनोज भट्टले दलित र महिलाको लागि अलग निर्वाचन क्षेत्र आरक्षित गर्नुपर्ने औंल्याउनुभयो ।

प्रगतिशील लोकतान्त्रिक पार्टीका रामकुमार पुरीले स्वच्छ निर्वाचन हुन नसकेको तर्फ आयोगको ध्यानाकर्षण गराउनुभयो ।

प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले संसद्को यही अधिवेशनमा विधेयक पारित नभए २०८४ वैशाखमा हुने स्थानीय चुनावमा पनि विद्युतीय उपकरण र विदेशबाट मतदान सम्भव नहुने उल्लेख गर्नुभयो ।

प्रमुख आयुक्त भण्डारीले सुदूरपश्चिम प्रदेशबाट निर्वाचित राष्ट्रियसभाका सदस्य एकको मृत्यु हुँदा २०८२ माघ ७ गतेबाट रिक्त रहेको तर सरकारबाट निर्णय नहुँदा उपनिर्वाचन हुन नसकेको उल्लेख गर्नुभयो ।

नेपालीहरू अध्ययन र रोजगारीको लागि १७० देशमा पुगेको र ४६ देशसँग कूटनीतिक सम्बन्ध भएको हुँदा Internate Voting को विषय उठेको उल्लेख गर्दै NRN को सोल्टी होटलमा भएको Internatevoting मा शुद्ध नहुँदा मुद्दा परेको पनि बताउनुभयो ।

मतदाता भौतिकरूपमा उपस्थित भएर विद्युतीय यन्त्रबाट मतदान गराइए शुद्धता बढ्ने र तत्काल नतिजा आउने प्रमुख आयुक्त भण्डारीको दाबी थियो ।

***आदर...***

वृद्धाश्रमबारे कहिलेकाहीँ टीभी वा समाचारमाध्यमहरूले देखाएका यथार्थ चित्रहरू र अवस्था हेर्दा पदमा बसेका नेपालीहरू किन यस्तो निर्दयी हुन्छन् भन्ने मनमा प्रश्न उठ्छ । फोहरको डङ्गुरलाई जसरी मानिसहरू नाक छोपेर हेर्ने गर्छन्; त्यस्तै स्थिति केही वृद्धाश्रमहरूको छ । टीभीमा देखाउने ती चित्रहरू हेरेर सम्बन्धित मन्त्री, मन्त्रालय र विभागका कर्मचारीहरूको मथिङ्गलमा विवेक पलाउँदैन भने के मन्त्री र ती कर्मचारीहरूको घरघर र डेरा - डेरामा ठुलठुला अक्षरहरूले 'पूजा' गर्नुपर्ने भयो ?

'वृद्ध भत्ता' पाउने केही करोडपतिसँग सोध्दा उनीहरू भन्छन्- मैले पाएको रकम केही गरिबलाई बाँड्ने गर्छु । कसैले चुरोटमा खर्च गर्छन् । त्यही बजेटलाई सरकारले बढी उपयोगी र अर्थपूर्ण बनाउने हो भने हेरचाह गर्ने छोराछोरी र नातागोता नभएका ज्येष्ठ नागरिकहरूलाई 'आदर निकेतन' को बन्दोबस्त गर्नु आवश्यक छ । यसबारे केही सचेत ज्येष्ठ नागरिकहरूसँगको छलफलमा सम्पत्तिको हकदार भनी अहिले चलिआएको बन्दोबस्तमा 'आमूल परिवर्तन' गर्नुपर्छ; सम्पत्तिमा दाजुभाइ र छोराछोरीको हक नलाग्ने गरी 'इच्छाएको व्यक्ति वा संस्थालाई दान दिन सक्ने' बन्दोबस्त गर्नु बढी उपयुक्त हुने रायहरू सुनिन्छ ।

मिश्रका राजाहरूको सम्पत्ति फुपू र टाढाटाढाका नातागोतालाई पनि जाने हुँदा 'पुँजी' विकास भएन र पश्चिमी देशहरूमा 'जेठो छोरो' मात्रै बाबुको सम्पत्तिको हकदार हुने हुँदा 'पुँजी' को विकास भयो भन्ने चर्चा पनि चल्यो । सरकारले नोकरचाकर नभएका, घरमा हेर्ने स्याहार्ने बन्दोबस्त सम्भव नभएका परिवारका ज्येष्ठ नागरिकहरूलाई इज्जतपूर्वक बाँच्न पाउने अधिकारलाई सुरक्षित गर्न 'आदर निकेतन' को बन्दोबस्त गर्नु आवश्यक छ ।

त्यसको आवश्यक खर्च केन्द्रीय वा प्रदेश सरकारले स्थानीय निकायहरूमार्फत गराउनु अत्यन्त व्यावहारिक हुनेछ । बरू पछिपछि विभिन्न पेसा एवम् वर्गका बुद्धिजीवी वा राजनैतिक व्यक्तित्वहरू, लेखक, कवि, कलाकारहरूको समेत 'आदर निकेतन' को बन्दोबस्त गर्नु अत्यन्त उपयुक्त हुने देखिन्छ । यसबारे हामी सबैले चिन्तन गरौँ !

***२८ चैत २०७९ (११ अप्रिल, २०२३)***

***स्रोत : सम्पादकीय सङ्कलन तेस्रो खण्ड***


## ख्वप इन्जिनियरिङ कलेज

भक्तपुर, फोन नं. ०१-५१२२०९४, ०१-५१२२०९८

**क्यान्टिन (चमेनागृह) सञ्चालनसम्बन्धी शिलदन्दी दरभाउपत्र आव्हानको सूचना**

यस ख्वप इन्जिनियरिङ कलेजको परिसरमा क्यान्टिन सञ्चालकको आवश्यकता भएकोले इच्छुक व्यक्ति वा सङ्घ-संस्थाबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । शिलबन्दी दरभाउपत्र फारम रू.३००।- (अक्षरेपी तीनसय रूपियाँ) लेखा शाखामा बुझाई लेखा शाखाबाट उपलब्ध गर्न सकिनेछ ।

**विस्तृत जानकारीको लागि**

ख्वप इन्जिनियरिङ कलेज


फोन नं.:- ०१-५१२२०९४,०१-५१२२०९८

पोस्ट बक्स नं : ८४

इमेल : info@khec.edu.np
account@khec.edu.np



## हार्दिक समवेदना



जन्म
१९८८।१०।१६

निधन
२०८३।०१।२६

यस वडाका पूर्ववडाध्यक्ष एवम् शिक्षासेवी ज्ञानसागर प्रजापतिका पूजनीय पिता **न्हुछेराम प्रजापति**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**वडाध्यक्ष**

**एवम्**

**भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालय परिवार**

दत्तात्रय, भक्तपुर



## हार्दिक समवेदना



**जन्म** : १९९७/०१/२१
**निधन**: २०८३/०१/२७

यस संस्थाका सदस्य नं.३७३ का **न्हुछेमाया गोरा**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**तलेजु बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-३, कोलाछें



## हार्दिक समवेदना



जन्म
२०२५/०९/१७

निधन
२०८३/०१/१९

यस कोषका सदस्य **देवप्रसाद श्रेष्ठ**को असामयिक निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं।

**दोपचा नेवा बचत कोष**

**ओम कार्यश्वर मार्ग**

पाइपलाइन नयाँ बस्ती-१०, भक्तपुर



## कला जोगाऔं, संस्कृति बचाऔं।

- कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं,
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौं,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔं,
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुर्‍याऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



## माध्यमिक (कक्षा ११-१२) स्तरीय

**संयुक्त परीक्षा समिति, भक्तपुर**

**स्थापित २०६१**

**परीक्षा समितिका सदस्य विद्यालयहरूमा शै.स. २०८३ को लागि कक्षा ११ को भर्ना कार्यक्रम**

| | |
|---|---|
| १. फाराम वितरण | : **२०८३ वैशाख ३० गते**, बुधबारदेखि (सम्बन्धित सबै माविहरूबाट) |
| २. फाराममा संलग्न हुनुपर्ने | : हालसालै खिचेको पासपोर्ट साइजको रङ्गीन फोटो २ प्रति एस.ई.ई.को ग्रेडसीट (हाललाई इन्टरनेटबाट डाउनलोड गरेको) चारित्रिक प्रमाणपत्रको फोटोकपी १/१ प्रति |
| ३. फारम बुझाउने अन्तिम मिति | : **२०८३ जेठ १५ गते**, शुक्रबार, साँझ ५ बजेसम्म |
| ४. प्रवेश परीक्षा मिति तथा समय | : **२०८३ जेठ १६ गते**, शनिबार (बिहान ७:०० बजेदेखि ८:३० बजेसम्म) **(आवश्यकताअनुसार थप प्रवेश परीक्षा लिन सकिनेछ ।)** |
| ५. प्रवेश परीक्षा केन्द्र | : आवेदन फाराम बुझाएको विद्यालयमा नै परीक्षा केन्द्र कायम गरिनेछ । |
| ६. परीक्षा दिनुपर्ने विषयहरू | |
| अ) विज्ञान/प्राविधिक समूह | : अङ्ग्रेजी, गणित, विज्ञान |
| आ) व्यवस्थापन समूह | : अङ्ग्रेजी, सामाजिक अध्ययन, लेखा |
| इ) मानविकी/शिक्षा/कानुन समूह | : अङ्ग्रेजी, नेपाली, सामाजिक अध्ययन |
| ७. प्रवेश परीक्षाको नतिजा प्रकाशन | : **२०८३ जेठ १७ गते**, आइतबार, बिहान १०:०० बजे (सम्बन्धित माविहरूमा) |
| ८. अन्तर्वार्ता | : लिखित परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूको अन्तर्वार्ता **२०८३ जेठ १८ गते**, सोमबार बिहान ७ बजेदेखि सम्बन्धित माविहरूमा सञ्चालन हुनेछ । |
| ९. भर्ना हुने अन्तिम मिति | : प्रथम सूचीमा नामावली प्रकाशित परीक्षार्थीहरूको **२०८३ जेठ २३ गते**, शनिबारसम्म |
| १०. कक्षा सञ्चालन | : **२०८३ जेठ २४ गते**, आइतबार |
| ११. शुल्क विवरण | : |

अ) आवेदन फाराम रु.२५।- तथा प्रवेश परीक्षा शुल्क रु.१००।-

आ) शैक्षिक वर्ष २०८३ मा भर्ना हुने विद्यार्थीहरूको लागि शुल्क संरचना सबै माविहरूका लागि गत शैक्षिक सत्रकै हुनेछ ।

- कम्प्युटर शुल्क, होटल म्यानेजमेन्ट शुल्क, OJT शुल्क सम्बन्धित विद्यालयले निर्धारण गरेबमोजिम हुनेछ ।
- गरीब तथा जेहनदार विद्यार्थीहरूलाई उचित छात्रवृत्ति दिइनेछ ।

**सदस्य विद्यालयहरू**

वागीश्वरी मावि, च्याम्हासिंह — ६६१४३९१, ६६१०२७०, ६६१३०४१
बासु मावि, कालीघाट — ६६१५२५७, ६६१९०१४, ६६२०३००
आदर्श आजाद मावि, परदेशी भीमसेनस्थान — ६६१०५८०
देवी मावि, ताथली — ५९२५८३३
दोलागिरि मावि, चाँगु — ५१४१२२०
जोरपाटी मावि, जोरपाटी — ६५४०१५४
विद्यार्थी निकेतन मावि, दरबार स्क्वायर — ६६१०३८६



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

## ख्वप माध्यमिक विद्यालय

भ.न.पा. ६, देकोचा, भक्तपुर

**जग्गा खरिद सम्बन्धी सूचना**

**पुनः प्रकाशित मिति : २०८३/०१/३०**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यक्रमहरू विस्तार गर्नका लागि जग्गा खरिद गर्नुपर्ने भएकोले भ.न.पा. वडा नं. ६ देकोचास्थित हाल ख्वप मा.वि. को ब्लक 'ए' भवन भएरहेको स्थानदेखि २०० मिटरको दुरीमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको-मिवा-इतापाके जग्गा एकीकरण आयोजना क्षेत्रभित्रका एउटै प्लट वा कित्ताहरू जोडिएको बढीमा ४ रोपनीसम्म क्षेत्रफलको जग्गा बिक्री गर्न इच्छुक जग्गावालाहरू वा सम्बन्धित जग्गावालाको वारेसले आफूले बिक्री गर्न चाहेको जग्गाको हालसालको नापी नक्सा, जग्गाधनी प्रमाणपुर्जाको फोटोकपि, नागरिकताको फोटोकपि, चालु आ.व.सम्मको मालपोत बुझाएको रसिदको फोटोकपि, संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको फोटोकपि, आव २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको फोटोकपि र जग्गा बिक्रीसम्बन्धी अख्तियारीसहित आफूले बिक्री गर्न चाहेको जग्गाको प्रस्तावित मूल्यसहितको पुन: गोप्य सिलबन्दी प्रस्ताव पेस गर्न यो सूचना प्रकाशित गरिएको छ । जग्गा बिक्रीको लागि प्रस्ताव फर्म विद्यालय जिन्सी शाखाबाट लिन सकिनेछ । प्रस्ताव फर्म लिने तथा दर्ता गर्ने अन्तिम मिति जेठ १४ गते दिनको १२:०० बजेसम्म मात्र । दर्ता भएका प्रस्ताव खोलिने मिति २०८३ जेठ १४ गते दिनको १:०० बजे । नोट : लाभकर र रजिस्ट्रेस्न दस्तुर नियमानुसार हुनेछ । यससम्बन्धी विस्तृत जानकारीको लागि विद्यालयको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ । कार्यालय समय बिहान ८:०० देखि दिनको ३:०० बजेसम्म रहनेछ ।


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा